माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १४ मितिः २०८२/०५/१७


## भाग-२

## माडी नगरपालिका

# बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि, २०८२

# माडी नगरपालिका
# बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

बालबालिकासम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था बमोजिम माडी नगरपालिकामा बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको प्रबन्ध गर्न आवश्यक भएकोले माडी नगरकार्यपालिकाले यो कार्यविधि लागू गरेको छ ।

## परिच्छेद-१:
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि माडी नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले माडी नगरपालिकाको 'बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि, २०८२' सम्झनु पर्छ ।

(ग) "नगरपालिका वा नगरकार्यपालिका" भन्नाले माडी नगरपालिका वा माडी नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बालबालिकासम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(च) "पुनर्मिलन (Reunification)" भन्नाले इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकालाई पुरानो अवस्था सुधार भएपछि बालकल्याण अधिकारीको निर्णय बमोजिम जैविक परिवारमा वा वृहद् परिवारमा समाजसेवीको सिफारिसमा अख्तियार प्राप्त निकायको रोहबरमा बालबालिकालाई जिम्मा लगाउने वा दायित्व हस्तान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(छ) "पुनर्एकीकरण (Reintegration)" भन्नाले इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकालाई घटना व्यवस्थापनको चरण एवम् प्रक्रिया अपनाई जैविक वा नातेदार परिवारमा फर्काई हेरचाहको जिम्मेवारी हस्तान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(ज) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(झ) "बालकल्याण अधिकारी" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नगरपालिकामा नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ञ) "बाल मनोविज्ञ" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भई नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "सङ्घीय मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) बमोजिमका बालबालिका सम्झनु पर्छ।

(ड) "वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिका सम्झनु पर्छ।

(ढ) "समाजसेवी" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ण) "सम्भाव्य इच्छुक परिवार वा व्यक्ति" भन्नाले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई पारिवारिक वातावरणमा पालनपोषण तथा हेरचाह गर्न तोकिएका योग्यता पूरा गरी वैकल्पिक हेरचाह प्रदान गर्न सक्ने भनी बालकल्याण अधिकारीले इच्छुक परिवार वा व्यक्तिको रूपमा योग्य मानी स्वीकृत गरेको परिवार वा व्यक्ति सम्झनु पर्छ।

(त) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न बालबालिकासम्बन्धी ऐन, २०७५ व अन्य प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवरलाई समेत जनाउँछ।

(थ) "सामान्य अपाङ्गता" भन्नाले सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति सम्झनु पर्छ *(अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को आधारमा)*।

(द) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका (उपमहानगरपालिका वा महानगरपालिका समेत) सम्झनु पर्छ।

## परिच्छेद-२:
## हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको अवधारणा

३. **बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी अवधारणाः** (१) बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा देहायका अवधारणालाई आत्मसात गर्नुपर्नेछः

**(क)** **परिवार बालबालिकाको हेरचाहको सबैभन्दा उपयुक्त स्थानः** परिवार समाजको आधारभूत अङ्ग हो। परिवारले बालबालिकाको वृद्धि विकास, समग्र हित एवम् संरक्षणका निमित्त एक प्राकृतिक वातावरण उपलब्ध गराउँदछ। तसर्थ, बालबालिकाको हेरचाहका लागि सबैभन्दा उपयुक्त स्थान परिवार हो।

**(ख)** **बालबालिकालाई पारिवारिक वातावरणमा हेरचाह पाउने अधिकारः** प्रत्येक बालबालिकाले आफ्नो सम्पूर्ण सम्भावनालाई बढावा दिने खालको सहयोगी, संरक्षित एवम् हेरचाहयुक्त वातावरणमा बाँच्न पाउनुपर्दछ। परिवारको आफ्ना बालबालिकाको हेरचाह गर्ने भूमिकामा राज्यले सहयोग पुऱ्याउनुपर्दछ।

**(ग)** **पारिवारिक हेरचाह नपाएका बालबालिकाको हेरचाहको व्यवस्थाः** केही बालबालिका विभिन्न कारणले आफ्ना आमाबाबु तथा परिवारसँग रहन असमर्थ रहेमा र तिनको हेरचाहका लागि राज्यले विकल्पको खोजी गर्नुपर्दछ। त्यस्तो हेरचाहको प्रबन्धलाई वैकल्पिक हेरचाह भनिएको छ।

**(घ)** **बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशिका, २००९ को व्यवस्थाः**

(अ) बालबालिकालाई पारिवारिक हेरचाहबाट अलग्याउनुलाई अन्तिम उपायका रूपमा लिइनुपर्दछ,

(आ) बालबालिकाका लागि वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा सकेसम्म परिवारमा आधारित हेरचाहका उपयुक्त स्वरूपमा व्यवस्था गर्नुपर्दछ,

(इ) वैकल्पिक हेरचाहको व्यवस्था गरिँदा सकेसम्म छिटो बालबालिकालाई परिवारमा पुनर्मिलन गराउन प्रयत्न गरिरहनुपर्दछ ।

(२) ऐनको दफा ४८ को उपदफा (१) मा पहिचान गरेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये देहायका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिएको छः

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका ।

(३) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको उपयुक्त हेरचाहको प्रबन्ध गर्नु राज्यको दायित्व हो । स्थानीय तहले वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको सुरक्षा, समग्र हित र विकासको अवस्थाको नियमित सुपरिवेक्षण गरी निजका लागि गरिएको प्रबन्ध उपयुक्त भएको यकिन गर्न नियमित समीक्षा गर्नुपर्दछ ।

४. **वैकल्पिक हेरचाहका स्वरूपहरू तथा तिनको प्रबन्धः** (१) ऐनको दफा ४९ को उपदफा (२) बमोजिम बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा देहायको प्राथमिकताको आधारमा गर्नुपर्नेछः

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था, र

(घ) बालगृह ।

(२) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई निजको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा बालबालिकाको उच्चतम हित सुनिश्चित हुने गरी बालकल्याण अधिकारीले हेरचाहको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) हेरचाहको प्रबन्ध गर्दा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे आधारभूत विवरण सङ्कलन *(अनुसूची-१ को फाराम बमोजिम)* गर्नुपर्नेछ ।

५. **वैकल्पिक हेरचाहको प्रबन्धसम्बन्धी प्रक्रियाः** (१) ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (क) बमोजिम बालबालिकाको आमा वा बाबुको तर्फका नातेदारसँग राखी हेरचाहको प्रबन्ध गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनुपर्नेछः

(क) बालकल्याण अधिकारीले देहायबमोजिमको आधारमा विश्लेषण गरी हेरचाहको लागि उपयुक्त नातेदार तोक्नुपर्नेछः
(अ) नातेदारको इच्छा,
(आ) आर्थिक क्षमता,
(इ) पारिवारिक सौहार्द्रता,
(ई) पारिवारिक अवस्था ।
(ख) खण्ड (क) को आधारमा विश्लेषण गर्दा उपयुक्त देखिएमा बालकल्याण अधिकारीले बालबालिकाको इच्छा बमोजिम सम्बन्धित नातेदारसँग राखी वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनुपर्नेछ ।

(२) ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (क) बमोजिम बालबालिकाको कुनै नातेदार नभएमा वा नातेदार भए तापनि त्यस्ता नातेदार उपयुक्त नभएमा वा सम्बन्धित बालबालिकाले त्यस्ता नातेदारको हेरचाहमा बस्न इच्छा नगरेमा बालकल्याण अधिकारीले ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (ख) बमोजिम बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाहको प्रबन्ध गर्नुपर्नेछ ।

(३) ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको प्राथमिकताका आधारमा वैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेका त्यस्ता बालबालिकालाई बालकल्याण अधिकारीले परिवारमा आधारित हेरचाह गर्ने संस्थामा राखी हेरचाह गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम समेत गर्न नसकिएमा वा उक्त प्रबन्ध बालबालिकाको हकमा उपयुक्त नभएमा बालकल्याण अधिकारीले सबैभन्दा नजिकैको बालगृहमा हेरचाहको लागि पठाउने व्यवस्था मिलाउनुपर्नेछ ।

६. **संरक्षक नियुक्त गर्ने वा तोक्नेः** (१) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा बालकल्याण अधिकारीले प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गर्ने प्रक्रियामा सहयोग गर्नुपर्नेछ ।

(२) मुलुकी देवानी संहिता, २०७४ को दफा १३९ को व्यवस्था बमोजिम देहायको अवस्थामा कुनै खास व्यक्तिलाई त्यसको कारण खुलाई अदालतले असक्षम वा अर्धसक्षम व्यक्तिको संरक्षक नियुक्त गर्नसक्नेछः
(क) कुनै व्यक्ति संरक्षक हुन नचाहेको अवस्थामा संरक्षक नियुक्ति गर्न सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिले अदालतमा निवेदन दिएमा,
(ख) सरोकारवालाले संरक्षक नियुक्त गर्न अदालतमा निवेदन दिएमा ।

(३) संरक्षक नियुक्त गर्दा अदालतले त्यस्तो असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हित वा संरक्षण हुनसक्ने वा नसक्ने कुरा तर्फ विचार गर्नको लागि जानकारी माग भै आएमा बालकल्याण अधिकारीले सो उपलब्ध गराउनुपर्नेछ ।

(४) प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी सकेपछि अदालतले संरक्षक हुने व्यक्ति र स्थानीय तहलाई दिएको लिखित जानकारीको प्रति बालकल्याण अधिकारीले अभिलेख राख्नुपर्नेछ ।

७. **इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको प्रकारः** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई बालकल्याण अधिकारीले तोकिएको योग्यता पूरा गरेका इच्छुक परिवार वा व्यक्तिसँग राखी पारिवारिक वातावरणमा गरिने हेरचाह अवधिको आधारमा देहायका दुई प्रकारको हुन सक्नेछः

(क) **अल्पकालीन हेरचाहः** वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाका लागि एक वर्षसम्म अवधिको लागि गरिएको वैकल्पिक हेरचाहको व्यवस्था,

(ख) **लामो अवधिको हेरचाहः** वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई एक वर्षभन्दा बढी अवधिको लागि गरिएको वैकल्पिक हेरचाहको व्यवस्था,

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम लामो अवधिको हेरचाहमा बालबालिका राखिएकोमा बालकल्याण अधिकारीले अनुगमन पश्चात प्रत्येक दुई वर्षमा इच्छुक परिवार वा व्यक्ति र स्थानीय तहबीच भएको त्यस्तो हेरचाहको प्रबन्धको सम्झौता नवीकरण गर्नुपर्नेछ र त्यो निज बालबालिका १८ वर्ष पूरा नगरेसम्म गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम व्यवस्था गरी लामो अवधिको हेरचाहमा बालबालिका राखिएकोमा अदालतबाट संरक्षक नियुक्त गर्नुपर्नेछ ।

## परिच्छेद-३:
## हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिको पहिचान, भूमिका, सूचीकरण तथा तयारी

८. **वैकल्पिक हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्ति हुनको लागि आवश्यक योग्यताः** (१) नियमावलीको नियम ५३ को उपनियम (५) मा भएको व्यवस्था र सो का अतिरिक्त इच्छुक परिवार वा व्यक्तिको योग्यता देहायबमोजिम हुनुपर्नेछः

(क) हेरचाह गर्ने मुख्य व्यक्ति नेपाली नागरिक,

(ख) हेरचाह गर्ने मुख्य व्यक्तिको उमेर ३५ वर्ष पूरा भएको र ६० वर्ष पूरा नभएको,

(ग) वैवाहिक स्थिति (अविवाहित महिला वा पुरूष, विवाहित दम्पती, एकल महिला वा पुरूष, सम्बन्ध विच्छेद भएको महिला वा पुरूष) जे भए पनि हुन सक्ने,

(घ) खण्ड (ग) बमोजिम विवाहित दम्पतीको हकमा निजहरू उक्त वैवाहिक सम्बन्धमा रहेको कम्तीमा चार वर्ष पूरा भएको र दम्पतीबीच भावनात्मक सम्बन्ध मजबुत भएको,

(ङ) खण्ड (ग) बमोजिम विवाहित दम्पतीको हकमा भने श्रीमान र श्रीमती दुवै नै बालबालिकालाई वैकल्पिक हेरचाह प्रदान गर्न सहमत भएको,

(च) इच्छुक परिवार वा व्यक्तिसँग आफूले जन्माएका छोरा वा छोरी भएको, नातेदार हेरचाहमा वा इच्छुक परिवार वा व्यक्तिका रूपमा वैकल्पिक हेरचाहमा बालबालिका लिएका परिवार हुनसक्ने,

(छ) अविवाहित पुरूष, सम्बन्ध विच्छेद भएको पुरूष वा एकल पुरूष मात्र भएकोमा कुनै पनि उमेरका बालिकाको हेरचाह गर्न योग्य नमानिने र बालकको हेरचाहको लागि दिँदा पनि संरक्षणको जोखिम न्युनीकरण गर्न विशेष व्यवस्था गरिनुपर्ने,

(ज) बालबालिकाको हेरचाह गर्न इच्छुक परिवारको मुख्य व्यक्तिः

(अ) शारीरिक तथा मानसिक अपाङ्गता भएका, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट सङ्क्रमित नभएको,
तर, "सामान्य अपाङ्गता" भएका इच्छुक परिवार वा व्यक्तिले चाहेमा र उक्त परिवार वा व्यक्तिको सामाजिक अध्ययन प्रतिवेदनमा उपयुक्त देखिएमा हेरचाहका लागि बालबालिका जिम्मा लगाउन सकिने ।

(आ) जीवन नै जोखिममा रहेको चिकित्सकीय समस्या वा त्यस्तो समस्याको उपचारको अवस्थामा नरहेको,

(इ) लागू पदार्थ दुर्व्यसन वा अन्य कुनै कुलतमा नफसेको हुनुपर्ने,

(झ) मान्यता प्राप्त चिकित्सकबाट शारीरिक र मानसिक रूपमा बालबालिकालाई हेरचाह गर्न सक्षम भएको भनी सिफारिस प्राप्त गरेको,

(ञ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको,

(ट) घरेलु हिंसा, बालबालिका विरूद्धको हिंसा वा बालयौन दुर्व्यवहारको अभियोग नलागेको,

(ठ) प्रहरी प्रतिवेदनमा सो परिवार वा व्यक्ति विरुद्ध कुनै आपराधिक रेकर्ड नरहेको,

(ड) बालबालिकाको आवश्यकता पूरा गर्नका लागि आर्थिक रूपले सक्षम रहेको, बालबालिका विरामी पर्दा स्वास्थ्योपचार गर्न र हेरचाह गर्ने क्षमता भएको,

तर, आर्थिक स्थिति कमजोर हुँदाहुँदै पनि अरु सबै सूचकमा बालबालिकाको हेरचाहको लागि योग्य पाइएमा त्यस्तो परिवारको आर्थिक सबलीकरण गर्न स्थानीय तहले सघाउन सक्ने,

(ढ) ऐनको दफा ६२ को उपदफा (२) बमोजिम नियुक्त समाजसेवीको सामाजिक लेखाजोखा प्रतिवेदनबाट उपयुक्त ठहऱ्याएको ।

(२) इच्छुक परिवार वा व्यक्तिसँग वैकल्पिक हेरचाहको आवश्यकता भएका बढीमा दुईजना बालबालिका मात्र राख्न सकिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए पनि इच्छुक परिवार वा व्यक्तिसँग १८ वर्ष उमेर पुरा नगरेका (आफूले जन्माएका र वैकल्पिक हेरचाहमा राखिएका सहित) बालबालिकाको सङ्ख्या पाँचजना भन्दा बढी हुने सक्नेछैन ।

(४) उपनियम (२) मा जेसुकै लेखिएको भए तापनि वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा दाजुभाइ, दिदीबहिनीलाई अलग गर्न नहुने सिद्धान्त र सम्भाव्य इच्छुक परिवार वा व्यक्तिको हेरचाह गर्ने क्षमता समेतको आधारमा इच्छुक परिवार वा व्यक्तिसँग दुईभन्दा बढी बालबालिकाको हेरचाह गर्न अनुमति दिन सकिनेछ ।

९. **वैकल्पिक हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति सूचीकृत गर्नेः** (१) नियमावलीको नियम ५३ को उपनियम (६) बमोजिम वैकल्पिक हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति स्थानीय तहमा सूचीकृत भएको हुनुपर्नेछ ।

(२) प्रचलित कानून तथा यस कार्यविधि बमोजिम तोकिएका योग्यता पूरा गरेका तथा सामाजिक अध्ययन प्रतिवेदनले समेत योग्य ठहऱ्याएका इच्छुक परिवार वा व्यक्तिलाई स्थानीय तहमा दर्ता गरिँदा देहाय बमोजिम प्रक्रिया अपनाइनेछः

(क) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणको लागि इच्छुक परिवार वा व्यक्तिबारे स्थानीय रेडियो, एफ.एम., नगरपालिकाको आधिकारिक सामाजिक सञ्जाल, वेबसाइट आदिबाट सार्वजनिक सूचना जारी गर्ने,

(ख) सूचना, शिक्षा र सञ्चार सामग्री तयार गरी इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहको महत्वबारे सचेतनामूलक अभियान सञ्चालन गर्ने,

(ग) स्थानीय समुदाय तथा वडातहमा त्यसबारे समूह केन्द्रित छलफल गर्ने,

(घ) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिलाई स्थानीय तहमा सूचीकृत हुन अनुसूची-३ बमोजिमको फाराम भरी तोकिएको कागजातसहित दरखास्त दिन आव्हान गर्ने,

(ङ) खण्ड (घ) बमोजिम निवेदन परेका इच्छुक परिवार वा व्यक्तिलाई वैकल्पिक हेरचाहको अवधारणा, दायित्व र जिम्मेवारी, दर्ता र अन्य नीतिगत प्रक्रिया, धर्मपुत्र वा धर्मपुत्री लिने र संरक्षक बन्ने बीचको फरक, बालअधिकार, बालसंरक्षण र वैकल्पिक हेरचाहको अनुगमन लगायतका विषय समेटी अभिमुखीकरण दिने,

(च) खण्ड (ङ) बमोजिमको आधारभूत तालिम तथा अभिमुखीकरण पाएपछि इच्छुक परिवार वा व्यक्तिका रूपमा निरन्तरता दिन नचाहनेलाई सम्मानपूर्वक बिदाइ गर्ने र निवेदन कायम राख्ने परिवार वा व्यक्तिको फेहरिस्त दुरुस्त राख्ने,

(छ) बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिका पदाधिकारीसँग समन्वय गरी खण्ड (च) बमोजिमको इच्छुक परिवार वा व्यक्ति वैकल्पिक हेरचाहको लागि उपयुक्त भएको यकिन गर्न छानबिन गर्ने गराउने,

(ज) खण्ड (छ) बमोजिम छानबिन गर्न एक उपसमिति गठन गर्न सकिने,

(झ) छानबिन गर्दा निर्दिष्ट चेकलिष्टको आधारमा इच्छुक परिवार वा व्यक्तिसँग घरभेट र समुदायको स्थलगत अध्ययन गरी योग्यता यकिन गर्न सहयोग पुग्ने कागजात एवम् सूचना जानकारी सङ्कलन गर्ने,

(ञ) इच्छुक परिवार वा व्यक्तिको लेखाजोखा गरी *(अनुसूची-२ को पारिवारिक लेखाजोखा फाराम बमोजिम)* सो को आधारमा इच्छुक परिवार वा व्यक्तिको प्राथमिकीकरण गरी सम्भाव्य इच्छुक परिवार वा व्यक्तिको सूची अद्यावधिक गरी नगरपालिकामा राख्ने ।

**१०. इच्छुक परिवार वा व्यक्तिको लेखाजोखा गर्नुपर्नेः** वैकल्पिक हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको पारिवारिक लेखाजोखा गरी समाजसेवीले सामाजिक अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखाजोखा गरी सामाजिक अध्ययन प्रतिवेदन तयार गर्दा देहायका कुरामा ध्यान दिनुपर्नेछः

(क) हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिले बालबालिकाको हेरचाह गर्नको लागि विद्यमान कानून तथा नगरपालिकाले तोकेको योग्यता पूरा गरेको छ वा छैन,

(ख) नगरपालिकाले तोकेको वैकल्पिक हेरचाहको मापदण्ड पालना गर्न वा सो अनुरूप गुणस्तरको सेवा प्रदान गर्न उक्त इच्छुक परिवार वा व्यक्ति उपयुक्त छ वा छैन,

(ग) उक्त परिवार बालबालिकालाई माया-ममता, उचित पालनपोषण, सर्वाङ्गीण विकासको लागि उपयुक्त अवसर प्रदान गरी पारिवारिक वातावरणमा हेरचाह गर्न सक्षम छ वा छैन,

(घ) वैकल्पिक हेरचाहको लागि आफूसँग रहेका बालबालिकालाई उपलब्धता एवम् आवश्यकता अनुसार समय-समयमा जैविक र नातेदार परिवारसँग भेटघाट गर्न दिन तयार छ वा छैन,

(ङ) हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको पारिवारिक, आर्थिक अवस्था र सामाजिक प्रतिष्ठा के कस्तो रहेको छ,

(च) इच्छुक परिवार वा व्यक्तिसँग बालबालिकालाई सकेसम्म लामो अवधि राख्न सकिने स्थिति (Sustainability) के कस्तो छ,

(छ) इच्छुक परिवार वा व्यक्तिसँग संरक्षित बालबालिकाको आत्मीय-सम्बन्ध (Emotional Bonding) र त्यो निरन्तर कायम हुनसक्ने सम्भावना,

(ज) इच्छुक परिवार वा व्यक्तिसँग राखी बालबालिकाको हेरचाह गर्दा आउनसक्ने समस्या वा जोखिमबारे आङ्कलन गरी तिनको समाधानको लागि विकल्प के हुन सक्दछ,

(झ) इच्छुक परिवार वा व्यक्ति र बालबालिकालाई आवश्यक पर्न सक्ने थप सेवा र नगरपालिकाबाट त्यस्तो व्यवस्था गर्न सकिने स्थिति,

(ञ) बालकल्याण अधिकारी र स्थानीय बालअधिकार समितिले अध्ययनमा समावेश गर्न उपयुक्त ठानेका अन्य विषय वा पक्षहरू ।

**११. इच्छुक परिवार वा व्यक्तिलाई अभिमुखीकरण तथा तालिम दिनेः** (१) बालबालिकाको हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिलाई देहायका अभिमुखीकरण तथा तालिम दिनुपर्नेछः

(क) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहबारे अवधारणागत तालिम,
(ख) परिवार विग्रह हुन नदिन र परिवार संरक्षण गर्नका लागि अभिमूखीकरण वा तालिम,
(ग) इच्छुक परिवार वा व्यक्तिसँग राखी बालबालिकाको संरक्षण गर्ने प्रक्रिया सुरु गर्दा एक आपसमा घुलमिल हुँदा देखा पर्न सक्ने असमञ्जस्यता समेतलाई समेटी सकारात्मक अभिभावकत्वसम्बन्धी तालिम,
(घ) धर्मपुत्र वा धर्मपुत्री ग्रहण र इच्छुक परिवार वा व्यक्तिका रूपमा प्रदान गरिने वैकल्पिक हेरचाह बीचको फरकबारे अभिमुखीकरण,
(ङ) बालविकासका चरणहरू, आउनसक्ने विचलन र उनीहरूलाई प्रदान गरिनुपर्ने सहयोगबारे तालिम,
(च) बालअधिकार, बालसंरक्षण (बालश्रम, बालयौन शोषण, मानव ओसारपसार तथा बेचबिखन समेत) र बालसहभागिताको अधिकारबारे तालिम,
(छ) मनोवैज्ञानिक प्राथमिक उपचार (Psychological first aid) सम्बन्धी तालिम,
(ज) समुदाय तथा नगरपालिकामा रहेका बालसंरक्षण संयन्त्र (बालबालिका खोजतलास सेवा ( निःशुल्क फोन नं. १०४), बालहेल्पलाइन सेवा (निःशुल्क फोन नं. १०९८), स्थानीय बालअधिकार समिति, बालकल्याण अधिकारी, स्थानीय प्रहरी) बारे जानकारी एवम् अभिमुखीकरण,
(झ) समुदायमा उपलब्ध सेवा र सेवा प्रदायक (शिक्षा, स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक सहयोग) तथा कुनै समस्या आइपरेमा कसलाई खबर गर्ने भन्ने बारे जानकारी एवम् अभिमुखीकरण ।

(२) उपनियम (१) बमोजिमका तालिम आवश्यकता अनुसार बालबालिकाको मिलन अघि, हेरचाहको जिम्मा लगाएपछि समेत नियमित रूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) इच्छुक परिवार वा व्यक्तिको संरक्षणमा रहेका १२ वर्ष वा सोभन्दा माथि उमेरका बालबालिकालाई जीवन उपयोगी सीप र १५ वर्षभन्दा माथिका बालबालिकालाई व्यावसायिक सीप तालिम दिन समन्वय गर्न सकिनेछ ।

(४) हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिलाई पैरवीसम्बन्धी तालिम दिई नगरपालिकामा परिवारमा आधारित वैकल्पिक हेरचाहबारे सचेतना अभिवृद्धिका लागि परिचालन गर्न सकिनेछ ।

## परिच्छेद-४:
## इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाह गरिँदा बालबालिकाको सर्वोत्तम हित निर्धारण

**१२. इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहका आधारभूत सिद्धान्तः** इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको व्यवस्था गर्दा परिपालना गर्नुपर्ने आधारभूत सिद्धान्त देहाय बमोजिम रहेका छन्:

(क) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई बालकल्याण अधिकारीले निर्णय गरी इच्छुक परिवार वा व्यक्तिसँग हेरचाहका लागि राख्दा निज बालबालिकाको वृहद् परिवार वा नातेदारको खोजी गरी त्यहाँ हेरचाह गर्न सकिने विकल्पलाई निरन्तर कायम राख्नुपर्ने,
(ख) इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाहको प्रबन्ध गर्दा निज बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई सर्वोपरि ठानिने,
(ग) हेरचाहको प्रबन्ध गर्दा सकेसम्म निज बालबालिकाको सामाजिक-सांस्कृतिक वातावरणसँग मिल्दोजुल्दो परिवेश भएको इच्छुक परिवार र व्यक्तिसँग राखी हेरचाह गर्न प्राथमिकता दिइने,

(घ) इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाहको प्रबन्ध गरिँदा प्रत्येक घटनापिच्छे बालबालिकाको आवश्यकता र उपयुक्तताको सिद्धान्त अनुरूप निर्णय लिइने र कुनै पनि परिस्थितिमा सामान्यीकरण नगरिने,

(ङ) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहको निर्णय गर्दा र हेरचाहको प्रबन्ध गरिँदा बालबालिकालाई विचार अभिव्यक्तिको अवसर दिइने र निजले व्यक्त गरेको विचारलाई उनको बढ्दो उमेर एवम् परिपक्वताको आधारमा उचित कदर गरिने,

(च) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको दाजुभाइ वा दिदीबहिनी भएको खण्डमा उनीहरूलाई एकै परिवारमा राखी हेरचाहको प्रबन्ध गरिने, र त्यसो गर्दाः
   (अ) त्यो सम्भव भएको यकिन गर्नुपर्ने,
   (आ) त्यो बालबालिकाको सर्वोत्तम हित अनुकूल हुने भनी बालकल्याण अधिकारीले निर्णय गर्नुपर्ने,
   (इ) निज दाजुभाइ वा दिदीबहिनीले एकै परिवारको हेरचाहमा बस्न सहमत/ मञ्जुर गरेको हुनुपर्ने ।

(छ) कुनै कारणवश खण्ड (च) बमोजिम दाजुभाइ वा दिदीबहिनी सँगसँगै राख्न नसकिएको खण्डमा निज दाजुभाइ वा दिदीबहिनीलाई नियमित भेटघाटको व्यवस्था गर्नुपर्ने ।

**१३. बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्नुपर्नेः** ऐनको दफा १६ को उपदफा (३) बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**१४. सर्वोत्तम हित निर्धारण गर्दा गरिनुपर्ने लेखाजोखा वा विश्लेषणका पक्षः** (१) वैकल्पिक हेरचाह तथा बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नुपर्दाको स्थितिमा सर्वोत्तम हित निर्धारण गर्दा अन्य कुराका अतिरिक्त देहायका पक्षबारे लेखाजोखा तथा विश्लेषण गर्नुपर्नेछः

(क) बालबालिकाको उमेर र परिपक्वता,
(ख) बालबालिकाको परिवारिक अवस्था तथा आर्थिक सक्षमता (जैविक परिवारको),
(ग) बालबालिकाको लिङ्ग, धर्म, संस्कृति, शारीरिक, मानसिक तथा मनोसामाजिक अवस्था,
(घ) बालबालिकाको जन्मदर्ता, तथा पहिचानको स्थिति,
(ङ) बालबालिकाको स्वास्थ्य, पोषण तथा शैक्षिक अवस्थासम्बन्धी विवरण,
(च) हाल बालबालिकाको संरक्षण तथा हेरचाहको अवस्था,
(छ) वैकल्पिक हेरचाह तथा बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दाको स्थितिबारे निज बालबालिकाको धारणा (आफ्नो धारणा बनाउन सक्ने उमेर र क्षमता भएकाको हकमा),
(ज) बालबालिका कुनै हिंसा, दुर्व्यवहार, शोषणमा परेको भए निजमाथि सम्भावित जोखिमको अवस्था र उनले केही सेवा तथा सहयोग पाएको भए त्यसबारे जानकारी,
(झ) वैकल्पिक हेरचाह प्रदान गर्न इच्छुक परिवार तथा व्यक्तिको वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका प्रतिको धारणा,
(ञ) बालबालिकाको सम्बन्धमा समाजसेवी र/वा बालमनोविज्ञको राय ।

(२) बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्ने प्रयोजनले गरिने लेखाजोखा वा विश्लेषणका लागि सूचनाजानकारी सङ्कलन गर्न देहायका व्यक्तिसँग अन्तर्वार्ता वा छलफल गर्न सकिनेछः

(क) स्वयं बालबालिका,
(ख) बालबालिकाको बाबुआमा, परिवार (जैविक वा हेरचाह गर्ने) का सदस्य तथा संरक्षक,

(ग) विद्यालयमा अध्ययनरत बालबालिकाको हकमा कक्षा शिक्षक वा निजलाई पढाउने अन्य शिक्षक,

(घ) सम्बन्धित वडा समितिका सदस्य,

(ङ) बालबालिका हाल बसोबास गरिरहेको स्थानका निजलाई चिन्ने कम्तीमा दुईजना छिमेकी ( वयस्क),

(च) पाँचवर्ष माथिको बालबालिकाको हकमा निजसँग मिल्ने/सँगै खेल्ने दुईजना साथी ।

(३) उपनियम (१) र (२) बमोजिम बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्ने प्रयोजनको लागि बालकल्याण अधिकारीले देहायको प्रबन्ध गर्न सक्नेछः

(क) समाजसेवीलाई सामाजिक (मनोसामाजिक) लेखाजोखा गरी प्रतिवेदन पेश गर्न र बालमनोविज्ञलाई निज बालबालिकाको मनोवैज्ञानिक अवस्थाको विश्लेषण गरी प्रतिवेदन पेश गर्न लगाउने,

(ख) मनोसामाजिक स्थिति तथा मनोवैज्ञानिक अवस्थासम्बन्धी प्रतिवेदन तयार गरिँदा बालबालिकाको अरुसँगको व्यवहार, अन्तरक्रिया तथा घुलमिल हुने स्वभाव लगायतको अवलोकन गरी प्रतिवेदन दिन लगाउन सकिने,

(ग) बालबालिकालाई वैकल्पिक हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिले सम्बन्धित स्थानीय तहको कानून वा कार्यविधि बमोजिम नगरपालिकामा सूचीकृत हुनुपर्ने भएकोले सोको प्रबन्ध गर्नु गराउनुपर्ने,

(घ) अपाङ्गता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा वैकल्पिक हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिले निजको अपाङ्गताको प्रकार अनुरूप हेरचाहसम्बन्धी तालिम पाएको तथा परिवारमा अपाङ्गतामैत्री वातावरण भएको यकिन गरिनुपर्ने,

(ङ) वैकल्पिक हेरचाह प्रदान गर्न इच्छुक परिवार तथा व्यक्तिको आर्थिक सक्षमता, सामाजिक, मनोसामाजिक, पारिवारिक तथा व्यक्तिगत हैसियतबारे लेखाजोखा गरिनुपर्ने ।

१५. **सर्वोत्तम हित निर्धारण गर्ने प्रक्रियाः** बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्ने प्रयोजनका लागि सर्वोत्तम हित निर्धारण गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्नको लागि गरिएको लेखाजोखा वा विश्लेषणबाट सङ्कलन गरिएको सूचना जानकारी तथा समाजसेवी र/वा बालमनोविज्ञको प्रतिवेदनलाई एकीकृत गरी अध्ययन गर्ने,

(ख) निज बालबालिकाको हकमा हेरचाह गर्न इच्छुक परिवार तथा व्यक्तिसँग राखी वैकल्पिक हेरचाह प्रदान गर्नु गराउनु उपयुक्त विकल्प भएको यकिन गर्ने,

(ग) खण्ड (क) र (ख) को सूचना जानकारी यकिन गर्न नगरपालिकाका निर्वाचित प्रतिनिधि, स्थानीय बालअधिकार समितिका पदाधिकारी वा सदस्य, नगरपालिकामा सूचीकृत र/वा नियुक्त समाजसेवीमध्ये कम्तिमा दुईजनालाई आमन्त्रण गरी बालकल्याण अधिकारीले सर्वोत्तम हित निर्धारण बैठक राखी निर्णयको माइन्युट गरी अभिलेख राख्नुपर्ने,

(घ) बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिसँग समन्वय गरी सर्वोत्तम हितको निर्णय कार्यान्वयन गर्नु गराउनुपर्ने,

(ङ) खण्ड (ग) बमोजिमको निर्णयको प्रति अदालत वा बालबालिकाको हकहितबारे अख्तियार प्राप्त निकाय वा अधिकारीले मागेमा त्यो उपलब्ध गराउनु बालकल्याण अधिकारीको कर्तव्य हुने ।

१६. **सर्वोत्तम हित निर्धारण गरिएको कार्य पूनरावलोकन गर्न सकिनेः** वैकल्पिक हेरचाहको प्रबन्ध गर्ने प्रयोजनका लागि बालकल्याण अधिकारीले गरेको सर्वोत्तम हित निर्धारणबारे देहायको अवस्थामा पूनरावलोकन गर्नुपर्नेछ :

(क) जुन कारण र परिस्थितिले बालबालिकालाई वैकल्पिक हेरचाहमा राख्नुपरेको थियो उक्त कारण र परिस्थितिमा सुधार भई निजलाई वैकल्पिक हेरचाहको आवश्यकता नपरेमा,

(ख) हेरचाह प्रदान गर्न इच्छुक परिवार तथा व्यक्तिसँग राखी गरिएको वैकल्पिक हेरचाहमा परिवार वा बालबालिकाको कारण निजलाई निरन्तरता दिन नसकिई अर्को प्रबन्ध गर्नुपरेमा ।

## परिच्छेद-५:
## इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहको प्रबन्ध

१७. **वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचानको दायित्वः** वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने दायित्व देहाय बमोजिम हुनेछः

(क) बालकल्याण अधिकारीले प्रचलित कानून बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गर्नेछ,

(ख) वडा समितिबाट वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सम्बन्धमा सिफारिस लिनुपर्नेछ,

(ग) खण्ड (क) बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकामध्ये आवश्यकता र उपयुक्तताको सिद्धान्त अनुरूप इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाह गरिने बालबालिकाको यकिन गर्ने कार्य बालकल्याण अधिकारीले गर्नुपर्नेछ,

(घ) खण्ड (ग) अनुसार निर्णय गर्दा बालकल्याण अधिकारीले प्रचलित कानून बमोजिम नगरपालिकामा नियुक्त भएका समाजसेवी र बाल मनोविज्ञसँग सामाजिक लेखाजोखा प्रतिवेदन, मनोसामाजिक स्थिति प्रतिवेदन र मनोवैज्ञानिक अवस्थाको प्रतिवेदन तयार गर्न लगाई तिनलाई समेत आधार लिनुपर्नेछ,

(ङ) बालकल्याण अधिकारीले ऐनको दफा ४९ उपदफा (२) को खण्ड (ग) बमोजिम परिवारमा आधारित हेरचाह गर्ने संस्था र खण्ड (घ) बमोजिम बालगृहमा रहेका बालबालिकालाई निजको सर्वोत्तम हित हुनेगरी इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाह गर्ने प्रबन्ध गर्न सक्नेछ ।

१८. **वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचानको प्रक्रियाः** (१) ऐनको दफा ४९ को उपदफा (१) बमोजिम वैकल्पिक हरेचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गर्दा देहायको प्रक्रिया अवलम्बन गर्न सकिनेछः

(क) जोखिममा रहेका बालबालिका लक्षित सामाजिक नक्साङ्कन गर्ने,

(ख) बालबालिका खोजतलास सेवा (निःशुल्क फोन नं. १०४), बाल हेल्पलाइन सेवा (निःशुल्क फोन नं. १०९८) र अन्य हटलाइनमार्फत वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे जानकारी दिन अनुरोध गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचानको लागि समुदायमा लब्ध-प्रतिष्ठित व्यक्ति, कलाकार, सामुदायिक अगुवा लगायतलाई परिचालन गरी सचेतना अभिवृद्धि गर्ने, गराउने,

(घ) समुदायमा रहेका टोल विकास संस्था, शिक्षक, सामुदायिक स्वास्थ्य स्वयंसेविका, बालक्लब वा किशोर-किशोरी समूह लगायतसँग समूह-केन्द्रित छलफल सञ्चालन गर्ने,

(ङ) समुदायमा गरिएका छलफल तथा अन्य स्रोतबाट प्राप्त तथ्याङ्क एवम् सूचना जानकारीको विश्लेषण गरी वैकल्पिक हेरचाहको आवश्यकता भएका वा हुन सक्ने बालबालिकाको सूची बालकल्याण अधिकारीले अद्यावधिक गर्ने,

(च) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे विस्तृत प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

(२) बालबालिकाको पहिचान गर्दा समुदायमा अनौपचारिक रूपमा जैविक र नातेदार परिवार बाहेकका अन्य परिवार वा व्यक्तिले संरक्षण दिदै आएका बालबालिकालाई पनि पहिचान गर्न सकिनेछ ।

(३) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न गराउन स्थानीय बालअधिकार समितिलाई परिचालन गर्न सकिनेछ ।

१९. **वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको घटना व्यवस्थापन गर्नेः** (१) यस कार्यविधिको नियम १८ बमोजिम पहिचान भएका प्रत्येक बालबालिकाबारे प्राप्त निवेदन, सूचना वा जानकारीको प्रारम्भिक जाँचबुझ गर्दा आवश्यक देखिएमा बालकल्याण अधिकारीले घटना दर्ता गरी फाइल खडा गर्नुपर्नेछ ।

(२) प्रत्येक केस (घटना) को स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी बालबालिकाको व्यक्तिगत र पारिवारिक तहमा जाँचबुझ तथा लेखाजोखा गर्नु गराउनुपर्नेछ ।

(३) जाँचबुझ तथा लेखाजोखाबाट प्राप्त सूचना जानकारी र प्रतिवेदनलाई प्रमाणीकरण गर्ने र त्यसलाई घटना व्यवस्थापन फाइलमा सुरक्षित अभिलेखीकरण गरी राख्नुपर्नेछ ।

(४) ऐनको दफा ४८(१) को खण्ड (ख) बमोजिमका अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिकाको हकमा देहायको थप प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) निज बालबालिकाबारे हकदाबी गर्न अर्थात निजका आमाबाबु वा परिवारको खोजी गर्न नगरपालिकाले सार्वजनिक सूचना जारी गर्ने,

(ख) त्यस्तो सार्वजनिक सूचना अनुसार प्राप्त निवेदन दर्ता गर्ने र उपलब्ध भएका जानकारीको अभिलेख राख्ने,

(ग) हकदाबी भएर आमाबाबु वा परिवार प्रमाणित भएको एवम् परिवारसँग पुनर्मिलन गराउनु बालबालिकाको सर्वोत्तम हितअनुरूप भएको निर्क्यौल गरेको हकमा निज बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने,

(घ) हकदाबीको निवेदन नपरेका, निवेदन अनुसार प्रमाणित हुन नसकेका तथा पारिवारिक पुनर्मिलनमा नगएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धका लागि योजना बनाउने ।

(५) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सम्भव भएसम्म (बाबुतर्फको र आमातर्फको तीनपुस्ते खुल्नेगरी) पारिवारिक वंशवृक्षचित्र वा पारिवारिक संरचनाचित्र तयार गरी राख्नुपर्नेछ ।

२०. **बालबालिकाको सामाजिक (मनोसामाजिक समेत) लेखाजोखा गर्नेः** बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको तोकिएको ढाँचामा सामाजिक (मनोसामाजिक समेत) लेखाजोखा गरी प्रतिवेदन पेश गर्न समाजसेवीलाई लगाउनुपर्नेछ ।

२१. **बालबालिकाको मनोवैज्ञानिक अवस्थाको विश्लेषण गर्नेः** बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सम्बन्धमा तोकिएको ढाँचामा मनोवैज्ञानिक अवस्थाको विश्लेषण गरी प्रतिवेदन पेश गर्न बालमनोविज्ञलाई लगाउनुपर्नेछ ।

२२. **वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको विवरण अभिलेख राख्नुपर्ने :** नियमावलीको नियम ५५ को उपनियम (१) बमोजिम बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकासँग सम्बन्धित देहायका कागजात तथा विवरण निजको व्यक्तिगत फाइलमा अभिलेख राख्नुपर्नेछः

(क) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क) बमोजिमको अनाथ बालबालिकाको हकमा बाबुआमा दुवैको मृत्यु भएको अवस्थामा स्थानीय पञ्जीकाधिकारीबाट जारी मृत्यु दर्ता प्रमाणपत्र,

(ख) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ख) बमोजिम अस्पतालमा बेवारिसे छाडिएका बालबालिकाको हकमा अस्पतालको पत्र र बालबालिकाको बाबुआमा खोजी गर्न जारी गरिएको सार्वजनिक सूचना तथा सोही खण्ड बमोजिम सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका बालबालिकाको हकमा सम्बन्धित प्रहरी कार्यालयको सिफारिस पत्र र बालबालिकाको बाबुआमा खोजतलास गर्न जारी गरिएको सार्वजनिक सूचना,

(ग) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको बालबालिकाको हकमा स्थानीय तहको सिफारिस र गम्भीर अपाङ्गता भएको प्रमाणपत्र,

(घ) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (घ) बमोजिमको बालबालिकाको हकमा सम्बन्धित अदालतको आदेश, फैसला वा पत्र,

(ङ) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको बालबालिकाको हकमा सम्बन्धित कारागारको पत्र वा अभिभावकको सहमति,

(च) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (च) बमोजिमको बालबालिकाको हकमा सोसम्बन्धी उजुरी वा त्यस्तो व्यहोरा प्रमाणित गर्ने बालकल्याण अधिकारीको पत्र र बालकल्याण अधिकारीसमक्ष परेको निवेदन,

(छ) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (छ) बमोजिमको बालबालिकाको हकमा ऐनको दफा ६२ को उपदफा (२) बमोजिम नियुक्त समाजसेवीको प्रतिवेदन र बालकल्याण अधिकारीसमक्ष परेको निवेदन,

(ज) बालबालिकाको पारिवारिक विवरण, सम्पत्तिको विवरण, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित कागजात तथा प्रमाणपत्र,

(झ) निज बालबालिकाको सर्वोत्तम हित हुनेगरी वैकल्पिक हेरचाहको सम्बन्धमा समाजसेवीले दिएको राय तथा बालकल्याण अधिकारीले निज बालबालिकालाई वैकल्पिक हेरचाहमा राख्न गरेको निर्णय ।

२३. **इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको प्रबन्धः** इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको प्रबन्ध गर्नुपूर्व बालकल्याण अधिकारीले देहायका कार्य गर्नुपर्नेछ :

(क) बालबालिकाले बुझ्नेगरी निजलाई पुऱ्याइने सेवा, सुविधा तथा हेरचाहको प्रकृतिबारे बालमैत्री वातावरणमा जानकारी दिनुपर्ने,

(ख) वैकल्पिक हेरचाहमा राख्ने निर्णय गर्नुपूर्व बालकल्याण अधिकारीले ऐनको दफा ६२ को उपदफा (२) बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवीको राय लिनुपर्ने,

(ग) वैकल्पिक हेरचाहको व्यवस्था गर्दा बालबालिकाको जन्मदर्ता नभएको भएमा निजको जन्मदर्ता गर्न सिफारिस गर्ने,

(घ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ङ) बालबालिकाको वैकल्पिक हेरचाह गरिरहेका परिवार वा संस्थाले निजको हेरचाहलाई निरन्तरता दिन नसक्ने कारणसहित निवेदन दिएमा बालकल्याण अधिकारीले पुनः ऐनको दफा ४९ को उपदफा (२) बमोजिमको प्राथमिकताको आधारमा हेरचाहको व्यवस्था मिलाउनुपर्ने ।

२४. **उपसमिति गठन गर्न सक्ने :** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहको प्रबन्ध गर्ने प्रक्रियामा सहजीकरण गर्न स्थानीय बालअधिकार समिति अन्तर्गत एक उपसमिति गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको उपसमितिमा देहाय बमोजिमका सदस्य रहन सक्नेछन्-

(क) बालकल्याण अधिकारी,

(ख) समाजसेवी,

(ग) बाल मनोविज्ञ,

(घ) स्थानीय बालअधिकार समितिले मनोनयन गरी पठाएको प्रतिनिधि एकजना,

(ङ) स्थानीय बालअधिकार समितिका अध्यक्षले मनोनयन गरेका बाल अधिकार विज्ञ, बुद्धिजीवी वा लब्ध प्रतिष्ठित व्यक्तिमध्ये एकजना ।

(३) उपसमितिले बालकल्याण अधिकारीलाई देहायका कार्यमा सहयोग गर्न सक्नेछ-

(क) नगरपालिकामा इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने कार्यक्रम गर्न,

(ख) वैकल्पिक हेरचाह प्रदान गर्न इच्छुक परिवार वा व्यक्तिको पहिचान तथा सूचीकरण गर्न,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न तथा सर्वोत्तम हित निर्धारण गर्न आवश्यक सूचना जानकारी सङ्कलन गर्न,

(घ) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह गर्न सूचीकृत भएकामध्ये उपयुक्त परिवार वा व्यक्तिको छनौट गर्न र बालबालिका स्थानान्तरण गर्न,

(ङ) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको स्थिति अनुगमन गर्न ।

२५. **सम्भाव्य इच्छुक परिवार वा व्यक्तिको छनोट गर्नेः** (१) यस कार्यविधिको नियम २४ बमोजिमको उपसमितिले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह गर्न सूचीकृत भएका इच्छुक परिवार वा व्यक्तिमध्ये उपयुक्त परिवार वा व्यक्ति छनोट गरी बालबालिकाको भेटघाट/घुलमिल गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्भाव्य इच्छुक परिवार वा व्यक्तिमध्येबाट निज बालबालिकाको लेखाजोखा, आवश्यकता समेतको आधारमा सबैभन्दा उपयुक्त इच्छुक परिवार वा व्यक्तिको छनोट गर्दा देहायका कुरामा ध्यान दिनुपर्नेछः

(क) सकेसम्म बालबालिकाको वंश वा कुलभित्र (तीनपुस्ता भित्र) नपर्ने गरी मात्र इच्छुक परिवार छनोट गर्ने तथा निज बालबालिका र उनको आमाबाबु वा परिवारलाई चिन्नेजान्ने इच्छुक परिवारमा राख्न प्राथमिकता दिने,

(ख) भाषा, धर्म, संस्कृति र संस्कार मिल्ने सम्भाव्य इच्छुक परिवार वा व्यक्तिलाई प्राथमिकता दिने,

(ग) इच्छुक परिवार वा व्यक्तिको बसोबासको निज बालबालिकाको थातथलोको नजिक वा उस्तै परिवेशको इच्छुक परिवार वा व्यक्तिलाई प्राथमिकता दिने,

(घ) हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिले हेरचाहको प्राथमिकतामा छोरा वा छोरी कसलाई राखेका छन् त्यसबारे ध्यान दिने,

(ङ) इच्छुक परिवार वा व्यक्तिले कुन उमेरका बालबालिकालाई प्राथमिकतामा राखेका छन् र निजको उमेर सो अनुरूप भए नभएको बारे ध्यान दिने,

(च) इच्छुक परिवार वा व्यक्तिले निज बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न सक्ने क्षमताबारे यकिन गर्ने ।

२६. **बालबालिका र इच्छुक परिवार वा व्यक्तिको सम्बन्ध विकासका लागि सहजीकरण गर्नेः** सम्भाव्य इच्छुक परिवार वा व्यक्तिको सूचीबाट सबैभन्दा उपयुक्त परिवार वा व्यक्तिको छनौट गरिसकेपछि निज बालबालिका र उक्त परिवार वा व्यक्तिलाई घुलमिल हुन अवसर दिनुपर्नेछ। यसका लागिः

(क) इच्छुक परिवार वा व्यक्ति र बालबालिकाबीच घुलमिल हुन दिन बालकल्याण अधिकारीले आवश्यकता अनुसार दुईदेखि सात दिनसम्म निज बालबालिकालाई उक्त परिवार वा व्यक्तिको घरमा बस्ने प्रबन्ध गर्न सकिने,

(ख) घुलमिल हुनका लागि इच्छुक परिवार वा व्यक्तिको घरमा बस्न पठाउनु अघि निज बालबालिका र इच्छुक परिवार वा व्यक्तिलाई एक अर्काको पृष्ठभूमि, दायित्व, जिम्मेवार र प्रक्रियाको बारेमा जानकारी दिने,

(ग) खण्ड (क) र (ख) बमोजिमको कार्य गर्दा बालकल्याण अधिकारीले बालबालिका र इच्छुक परिवार वा व्यक्तिबीच लिखित सहमति गर्नुपर्नेछ। त्यसरी बालबालिकाले दिएको सहमतिलाई निजको बढ्दो उमेर, परिपक्वता र विकासको स्तरअनुरूप उचित कदर गरिने,

(घ) खण्ड (क) बमोजिम एक आपसमा घुलमिल हुनको लागि राखिएको अवधिको अवलोकन गर्न बालकल्याण अधिकारीले समाजसेवीलाई जिम्मा दिनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिमको अवलोकनको प्रतिवेदन र उक्त परिवार वा व्यक्तिसँग निज बालबालिका राख्न दिन उपयुक्त हुने वा नहुने राय समाजसेवीले बालकल्याण अधिकारीलाई पेश गर्नुपर्ने।

(च) खण्ड (ङ) बमोजिमको राय प्रतिवेदन दिँदा देहायको कुरामा ध्यान दिनुपर्नेः

(अ) उक्त परिवारमा बस्नेबारे निज बालबालिकाको इच्छा र बसोबास गर्दाको निजको अनुभव,

(आ) परिवारका सदस्यहरूको निज बालबालिकालाई त्यस परिवारमा राख्ने बारेको प्रारम्भिक बुझाइ,

(इ) बालबालिका र इच्छुक परिवार वा व्यक्तिको पृष्ठभूमि अध्ययन, सबल र सुधार गर्नुपर्ने पक्ष,

(ई) विदा र लामो अवधिको छुट्टीमा जैविक परिवार वा नातेदारसँग भेटघाट गर्न दिन सकिने स्थिति,

(उ) तत्कालको आवश्यकता एवम् प्राथमिकताको पहिचान र मनोसामाजिक सहयोगको आवश्यकता पर्नसक्ने अवस्था,

(ऊ) इच्छुक परिवार वा व्यक्तिसँग निज बालबालिका बसोबास गर्दाका बखत उनीहरू बीचको सम्बन्ध र अर्न्तक्रियाबारे छरछिमेकसँग सोधपुछ।

(च) खण्ड (ङ) बमोजिमको राय र प्रतिवेदनलाई बालकल्याण अधिकारीले बालबालिकाको हेरचाहको निर्णय लिँदा आधार मान्न सक्ने।

२७. **बालबालिकाको हेरचाह योजना वा बालविकास योजना बनाउने :** (१) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको हकमा हेरचाह योजना वा बालविकास योजना (Careplan or Child development plan) बनाउनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको योजना बनाउँदा बालकल्याण अधिकारीले उक्त परिवार वा व्यक्ति, निज बालबालिका स्वयं, समाजसेवी, बालमनोविज्ञ तथा स्थानीय बालअधिकार समिति समेतको सहयोग लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम बनाइएको हेरचाह योजना वा बालविकास योजना (Care plan or Child development plan) प्रत्येक दुई वर्षमा पूनरावलोकन गरी अद्यावधिक गरिनुपर्नेछ।

(४) उपदफा (३) मा जस्तोसुकै लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरेर हेरचाह योजना वा बालविकास योजनालाई आवश्यकतानुसार पूनरावलोकन गरी अद्यावधिक गर्न सकिनेछ ।

**२८. इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकालाई अधिकार र जिम्मेवारीबारे जानकारी गराउनेः**

(१) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको अधिकार अरू बालबालिका सरह नै हुन्छन् । तथापि, वैकल्पिक हेरचाहमा रहनुपर्ने स्थिति आफैंमा विशेष अवस्था भएकोले निज बालबालिकाको देहायका अधिकार प्रत्याभूतिको सुनिश्चितता गरिनुपर्नेछः

(क) पारिवारिक वातावरणमा माया-ममता, उचित पालनपोषण, सर्वाङ्गीण विकासको लागि उपयुक्त अवसर तथा आधारभूत अधिकार प्रत्याभूतिको सुनिश्चितता,

(ख) जन्मदिने आमाबाबु, जैविक परिवार तथा नातागोताबारे जानकारी पाउने, निजहरूसँग समयसमयमा भेटघाट गर्ने र त्यहाँ पुनर्मिलन अथवा पुनर्एकीकरणको हक हुने,

(ग) सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र संघसंस्थाबाट निजको हकमा आकर्षित हुने लक्षित कार्यक्रम, सेवा, सहुलियत तथा छुटबारे जानकारी पाउने तथा तिनमा पहुँच पाउने एवम् लाभ लिने अधिकार हुने,

(घ) उचित पालनपोषण, शिक्षा (व्यावसायिक शिक्षा समेत), स्वास्थ्य/औषधोपचार, मनोसामाजिक सहयोग, सामाजिक सुरक्षा लाभ, जीवनोपयोगी सीप, सहभागिता, खेलकूद, सामुदायिक क्रियाकलापमा भाग लिने लगायत प्रचलित कानूनले प्रत्याभूत गरेका हक उपभोगको अधिकार हुने,

(ङ) सबै प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण लगायतका हानिबाट संरक्षण पाउने अधिकार हुने,

(च) इच्छुक परिवार वा व्यक्तिको पारिवारिक गतिविधि, सामाजिक वा सांस्कृतिक क्रियाकलाप लगायतमा भाग लिन पाउने अधिकार हुने,

(छ) यदि इच्छुक परिवार वा व्यक्ति र बालबालिकाले मानिएको धर्म, संस्कार र संस्कृति भिन्न भएमा दुवै पक्षलाई आ-आफ्नो धर्म, संस्कार र संस्कृति मान्ने अधिकार हुने,

(ज) खण्ड (च) बमोजिमका गतिविधिमा भाग लिँदा निज बालबालिकाको आधारभूत अधिकार तथा निजको सर्वोत्तम हितमा दखल नपुग्ने गरी मात्र गराइनुपर्ने,

(झ) गोपनीयताको अधिकारको सम्मान गर्नुपर्ने (बालबालिका र परिवार दुवैको हकमा),

(ञ) अपाङ्गता भएका बालबालिकालाई आफ्नो सक्षमताको आधारमा विशेष हेरचाह पाउने अधिकार,

(ट) आफ्नो विचार अभिव्यक्त गर्न पाउने र त्यसरी बालबालिकाले व्यक्त गरेको विचार निजको उमेर र परिपक्वताको आधारमा उचित कदर गरिने ।

(२) इच्छुक परिवार वा व्यक्तिले आफ्नो हेरचाहमा रहेका बालबालिकाप्रति देहायका जिम्मेवारी पूरा गर्न सहयोग गर्नुपर्नेछः

(क) परिवारको सौहार्द्रतालाई सम्मान गर्न, पारिवारिक नियम पालना गर्न, परिवारको आत्मसम्मान र मानमर्यादा बढाउन प्रयत्नशील हुन, परिवारमा आपसी सहयोग गर्न,

(ख) नियमित रूपमा विद्यालय गई पढ्न, आफ्नो व्यक्तित्व विकासका अवसरहरूमा सहभागी हुन,

(ग) इच्छुक परिवार वा व्यक्तिको धर्म, संस्कार र संस्कृतिको सम्मान गर्न,

(घ) राज्यको कानून, स्थानीय तहको नीति, सेवा प्रदायक निकाय वा संस्थाको कार्यप्रक्रियाको पालना गर्न,

(ङ) इच्छुक परिवार वा व्यक्तिको संरक्षणमा रहँदा आफूलाई उक्त परिवारको सदस्यको रूपमा ठानी कुराकानी गर्न, आफूलाई परेको समस्या भन्न, दाजुभाइ दिदीवहिनीसँग मिलेर खेल्न, एकअर्कालाई पढ्नलेख्न सहयोग गर्न, आफूले सक्ने घरायसी काममा सघाउन ।

२९. **इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिका प्रतिको दायित्वः** (१) ऐनको दफा १७ मा तोकिएको दायित्व समेतको आधारमा इच्छुक परिवार वा व्यक्तिको बालबालिका प्रतिको दायित्व देहाय बमोजिम हुनेछः

(क) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्ने, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसर उपलब्ध गराउने, उचित मार्गदर्शन गर्ने,

(ख) बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्नेगरी श्रम गराउन नहुने,

(ग) छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन नहुने ।

(३) ऐनको दफा ५८ को उपदफा (१) बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षकले बालबालिकासम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित बालकल्याण अधिकारीमार्फत् स्थानीय बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) नियमावलीको नियम ६६ बमोजिम बालकल्याण अधिकारीले इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने लगायत वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको हक लाग्ने पैतृक तथा अन्य सम्पत्तिको खोजी र संरक्षण गर्न सम्बन्धित स्थानीय तह तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

३०. **वैकल्पिक हेरचाहको सम्झौता र स्थानान्तरणः** (१) बालबालिका र इच्छुक परिवार वा व्यक्तिले एक अर्कासँग घुलमिल हुने र आपसी सम्बन्ध विकास गर्ने अवसर पाएपछि निज बालबालिकालाई इच्छुक परिवार वा व्यक्तिसँग राखी हेरचाह गर्न स्थानान्तरण (Placement) गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम गर्दा देहाय बमोजिम गर्नु गराउनुपर्नेछः

(क) यदि उपलब्ध भएमा जैविक परिवार वा नातेदारको सहमति लिने,

(ख) यदि उपलब्ध भएमा बालबालिकाको जन्मदर्ता लगायतका कागजात सङ्कलन गर्ने,

(ग) बालबालिका र इच्छुक परिवार वा व्यक्तिको सहमति लिने,

(घ) बालबालिकाको निजलाई हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिसँग सामञ्जस्यता भएको वा नभएको बारे प्रतिवेदन लिने र आवश्यक परेमा बालकल्याण अधिकारीले उक्त परिवारसँग आफैं घरभेट गरी छलफल गर्ने,

(ङ) यदि सबै कुरा उपयुक्त देखिएमा बालबालिकालाई परिवारमा राख्ने प्रबन्ध गर्ने ।

(३) बालबालिकालाई परिवारमा राख्दा नगरपालिकाको तर्फबाट बालकल्याण अधिकारी, समाजसेवी र स्थानीय बालअधिकार समितिको प्रतिनिधि सहित घरभेट गरिनुपर्नेछ र बालबालिका परिवारको जिम्मा लगाउनुपर्नेछ ।

(४) बालबालिकालाई परिवारमा राख्दा वा जिम्मा लगाउँदा देहायका कार्य गर्नुपर्नेछः

(क) स्थानीय वडा कार्यालय र बालकल्याण अधिकारीको सिफारिस लिने,

(ख) इच्छुक परिवार वा व्यक्ति र नगरपालिका तथा सेवा प्रदायकबीच सम्झौता गर्ने,

(ग) इच्छुक परिवार वा व्यक्तिलाई निज बालबालिकाको संरक्षक तोक्नका लागि आवश्यक कागजातसहित सिफारिस गर्ने,

(घ) निज बालबालिकालाई विद्यालयमा भर्ना गर्ने वा उपयुक्त भएमा निजले पढिरहेको साविकको विद्यालयमा नै निरन्तरता दिनुपर्ने ।

(५) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा बालबालिका राखेको सुरुको तीन महिनासम्म कम्तिमा दुई हप्तामा एकपटक घरभेट गरी बालबालिका र हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्ति के कसरी घुलमिल भइरहेका छन् हेर्नुपर्ने र सो को आधारमा आवश्यक देखिएका कुरामा सुधार गर्नुपर्नेछ।

(६) हेरचाहमा रहेका बालबालिकालाई हिंसा, दुर्व्यवहार भएमा कहाँ र कसरी जानकारी दिने भन्ने बारे बालबालिका समेतलाई सुसूचित गर्नुपर्नेछ।

**३१. इच्छुक परिवार वा व्यक्तिलाई सहयोगः** (१) बालबालिकालाई हेरचाह प्रदान गर्ने इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले आर्थिक, भौतिक/जिन्सी सहयोग प्रदान गर्न तथा राज्यलाई तिर्नुपर्ने शुल्क वा कर छुट दिन सक्नेछ।

(२) बालबालिकालाई हेरचाह प्रदान गर्ने इच्छुक परिवार वा व्यक्तिलाई प्रोत्साहन गर्न देहायका कार्य गर्न सकिनेछः

(क) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले आवश्यकताको आधारमा आर्थिक सहायता प्रदान गर्न सक्ने,

(ख) खण्ड (क) बमोजिम आर्थिक सहायता प्रदान गर्दा वडा समिति, बालकल्याण अधिकारी तथा स्थानीय बालअधिकार समितिको सिफारिस तथा त्यस्तो इच्छुक परिवार वा व्यक्तिको आवश्यकताबारे गरिएको वस्तुनिष्ठ अध्ययनलाई आधार मान्नुपर्ने,

(ग) खण्ड (ख) बमोजिम इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले आर्थिक सहायता दिँदा निज बालबालिका र हेरचाह गर्ने परिवारका मुख्य व्यक्तिको नाममा खोलिएको संयुक्त बैंक खातामार्फत् भुक्तानी दिनुपर्ने,

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रदायक निकाय वा संस्थाले इच्छुक परिवार वा व्यक्तिलाई आर्थिक सहयोग दिँदा विद्यालय शुल्क र वस्तु वा सेवा भौचर (कमोडिटी भौचर) को आधारमा आपूर्तिकर्तालाई सिधै भुक्तानी दिन सकिने,

(ङ) बालबालिकालाई हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिलाई प्रोत्साहन गर्न सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट, लक्षित कार्यक्रम तथा सेवा परिलक्षित गर्न अथवा त्यसको लागि नगरपालिकाले समन्वय गर्न सक्ने,

(च) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले सेवा प्रदायक निकाय, राज्यका संस्थागत संरचना, विपन्न वर्गका नागरिक, बालबालिका तथा किशोरकिशोरीका लागि निर्दिष्ट सेवा प्रदान गर्न प्राथमिकता दिनेगरी विशेष व्यवस्था गर्न सक्ने,

(छ) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिसँग वैकल्पिक हेरचाहमा रहेबसेका बालबालिका तथा हेरचाह प्रदान गरिरहेका परिवार वा व्यक्तिलाई नगरपालिकाले निःशुल्क शिक्षा, स्वास्थ्य, स्वास्थ्य बिमा, मनोसामाजिक सहयोगको व्यवस्था गर्नुका साथै सामाजिक सुरक्षा योजनाअन्तर्गत सहयोग पुऱ्याउन सक्ने,

(ज) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले आफ्नो स्थानीय तहमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था वा निकायले प्रदान गर्ने सेवा, सहयोग उपलब्ध गराउन सहजीकरण गर्न सक्ने,

(झ) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले क्षमता अभिवृद्धि गर्न तालिम, अवलोकन भ्रमण लगायतको अवसर दिन सक्ने,

(ञ) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिलाई नगरपालिकाले सम्मान, पुरस्कार प्रदान गर्न सक्ने,

(ट) हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिसँग हेरचाहमा रहेका बालबालिकाका निजको जैविक वा नातेदार परिवारमा पुनर्मिलन गराउन सहज होस् भनी नगरपालिकाले क्षमता अभिवृद्धिका लागि लक्षित कार्यक्रम लागू गर्न सक्ने,

(ठ) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहका क्रममा अन्य कुराको अतिरिक्त निज बालबालिका र हेरचाह गर्ने परिवार वा व्यक्तिलाई आवश्यक देखिएमा मनोविमर्श सेवा उपलब्ध गराउनुपर्ने ।

## परिच्छेद-६:
## इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहको अनुगमन र तत्सम्बन्धी दायित्व

**३२. इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहको अनुगमनसम्बन्धी व्यवस्थाः** (१) नियमावलीको नियम ५७ को उपनियम (१) बमोजिम बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहका लागि पठाइएका बालबालिकाको अनुगमन प्रत्येक चार-चार महिनामा गरी बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका विषय सहितको प्रतिवेदन नगरपालिका) स्थानीय बालअधिकार समिति, प्रदेश बालअधिकार समिति, राष्ट्रिय बालअधिकार परिषद् र सङ्घीय मन्त्रालयमा पठाउनुपर्नेछ ।

तर, हेरचाहमा राखेको चार महिनासम्म प्रत्येक महिना एवम् बालबालिका र परिवारबीच कुनै समस्या आएको खण्डमा भने प्रत्येक दुई हप्तामा र आवश्यकताअनुसार अनुगमन गरिनुपर्नेछ ।

(२) उपनियम (१) मा उल्लिखित व्यवस्था बमोजिम अनुगमन गर्दा उचित हेरचाह भएको नपाइएमा बालबालिकालाई ऐनको दफा ४९ को उपदफा (२) बमोजिमको प्राथमिकताको आधारमा पुनः हेरचाहको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम अनुगमन गर्दा हेरचाह गर्ने परिवार वा व्यक्तिले कानून विपरीतको कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाहीको लागि बालकल्याण अधिकारीले सम्बन्धित निकायमा सिफारिस गरी पठाउनुपर्नेछ ।

(४) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको स्थितिको अनुगमन गर्दा प्रचलित कानून बमोजिम वैकल्पक हेरचाहमा रहेका बालबालिकाको स्थिति अख्तियारी पाएका अधिकारी एवम् निकायले तोकिए बमोजिम अनुगमन गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुगमन गर्न अख्तियारी पाएका अधिकारी एवम् निकायले बालबालिकाको हकअधिकार प्रवर्द्धनमा क्रियाशील अन्य पदाधिकारी, निकाय, संस्था वा कार्यटोली, विज्ञ/विशेषज्ञलाई शर्तप्रक्रिया तोकी आफूलाई प्राप्त अधिकार हस्तान्तरण गर्न सकिनेछ ।

(६) अनुगमन गर्दा देहायका प्रक्रिया अवलम्बन गर्न सकिनेछः

(क) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको स्थितिको अनुगमन गर्दा प्रचलित कानून तथा यस कार्यविधि बमोजिम गर्न सकिने,

(ख) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको स्थितिको अनुगमन गर्दा निजसँग अलग्गै बसी अनुसूची-५ बमोजिमको फाराम भरी भावनात्मक सम्पन्नताको मूल्याङ्कन (Wellbeing Assessment) गरिनुपर्ने,

(ग) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका १२ वर्षभन्दा माथि उमेर पुगेका बालबालिकालाई प्रत्येक दुई वर्षमा अनुसूची-६ बमोजिमको स्वःमूल्याङ्कन चेकलिस्ट बमोजिमको विवरण भरी बालकल्याण अधिकारी वा अनुगमन टोलीका सदस्यलाई दिन अभिप्रेरित गर्ने,

(घ) इच्छुक परिवार वा व्यक्तिले स्वःअनुगमन फाराम वर्षको एक पटक भरी त्यसको एकप्रति बालकल्याण अधिकारीलाई बुझाउनुपर्ने,

(ङ) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको स्थितिको अनुगमन गर्ने टोली, अधिकारी वा निकायले अनुगमन गरेपश्चात प्रतिवेदन तयार गरी बालकल्याण अधिकारीसमक्ष पेश गर्नुपर्ने,

(च) यस कार्यविधि र प्रचलित कानून बमोजिम इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको स्थिति अनुगमन गर्दा कुनै गुनासो, समस्या, अधिकार उल्लङ्घन, बालसंरक्षणका सवाल भएको पाइएमा त्यसबारे बालकल्याण अधिकारीसमक्ष 'अत्यन्त जरूरी' शीर्षक दिई अलग्गै लिखित नोट बुझाउनुपर्ने,

(छ) खण्ड (ञ) बमोजिमको लिखित नोट तयार पारेपछि सकेसम्म छिटो (र, अनुगमन भएको मितिले तीन दिनमा नबढ्ने गरी) बालकल्याण अधिकारीलाई प्रत्यक्ष भेटेर हस्तान्तरण गर्न सकिने,

(ज) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको स्थितिको अनुगमनको प्रतिवेदन नगरपालिकाको बालबालिकासँग सम्बन्धित विभाग, महाशाखा, शाखा वा इकाइमा सुरक्षित राख्नुपर्ने र सोको प्रति गोपनीयता कायम हुनेगरी निज बालबालिकाको व्यक्तिगत फाइलमा समेत अद्यावधिक गराइराख्नुपर्ने,

(झ) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको स्थितिको अनुगमनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, नियमावली, कार्यविधि समेतको आधारमा बालकल्याण अधिकारीले निर्धारण गरे बमोजिम हुने ।

३३. **इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिएको वैकल्पिक हेरचाहको अनुगमन प्रक्रिया :** इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिएको वैकल्पिक हेरचाहको प्रबन्धको अनुगमन गर्दा देहायका कुरामा ध्यान दिनुपर्नेछः

(क) हेरचाहमा रहेका बालबालिका नियमित रूपमा विद्यालय गएका छन् कि छैनन्, निजको शैक्षिक प्रगतिको स्थिति के-कस्तो रहेको छ, नियमित रूपमा गृहकार्य गर्ने गरेका छन् कि छैनन्, त्यसबारे जानकारी लिने,

(ख) बालबालिकालाई इच्छुक परिवार वा व्यक्तिले कुनै भेदभावजन्य व्यवहार (जस्तैः खानपिन दिँदा आफूले जन्म दिएका छोराछोरीलाई पहिला दिएर वैकल्पिक हेरचाहमा लिइएका बालबालिकालाई पछि खाना खान दिने वा अन्य कुनै प्रकारको भेदभाव भएको छ कि) अवलोकन गर्ने, बालबालिकासँग एक्लै त्यसबारे कुराकानी गर्नुपर्ने,

(ग) बालबालिकाको शारीरिक स्वास्थ्य र मानसिक स्वास्थ्यको स्थितिबारे अवलोकन गर्ने र उपचार वा फलोअपको अवस्थाबारे सोधपुछ गर्नुपर्ने,

(घ) बालबालिकाको आत्मसम्मान (परिवारमा सबैभन्दा माया गर्ने को, डरत्रास वा पिर चिन्ता लागेमा सबभन्दा पहिला कसलाई भन्नुहुन्छ, समुदायमा साथीहरू के कति छन् र को को छन्) अवस्थाबारे बुझ्ने,

(ङ) जैविक परिवार वा आमाबाबुसँग भेटघाट वा कुराकानी गर्ने अवसर दिइएको छ वा छैन,

(च) घरपरिवारमा गालीगलौज वा कुटपिट हुने गरेको छ वा छैन, अनुशासन कसरी कायम गरिएको छ, आफूलाई अप्ठ्यारो हुनेगरी छोइने गरेको छ वा छैन,

(छ) विरामी पर्दा समयमा नै औषधोपचार गर्ने गरिएको छ वा छैन, अस्पताल गयौ कि गएका छ, छैन) हेर्न,

(ज) अपाङ्गता भएका बालबालिकाको हकमा विशिष्ट किसिमको सहयोगको पहुँच छ वा छैन यकिन गर्न,

(झ) खानपीन (पोषिलो खाना, माछामासु, दूध, फलफूल हप्तामा कसरी सन्तुलित बनाइएको छ) को व्यवस्था,

(ञ) बसोबास (अलग्गै खाट, पढ्ने टेवल, कोठा, मौसम अनुसार जाडो वा गर्मीका लागि लुगाफाटो र तिनलाई राख्ने दराज वा ऱ्याक) को व्यवस्था,

(ट) बालबालिकाको लागि उपलब्ध वातावरण (एकआपसी सौहार्द्धता, मेलमिलाप, सहयोग, घुलमिल, आपसी सम्मान, मायाममतायुक्त वातावरण समेत),

(ठ) हकअधिकार प्रत्याभूतिको स्थिति (शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकताको परिपूर्तिको अवस्था)।

३४. **अभिलेख राख्नुपर्नेः** (१) बालकल्याण अधिकारीले इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको तोकिएको ढाँचामा बालबालिकाको विवरण (नामथर, उमेर, लिङ्ग, जन्मदर्ता, विद्यालय र पढिरहेको कक्षा, स्वास्थ्य स्थिति, जन्मदिने आमाबाबु/परिवारको अवस्था) उपलब्ध भएसम्म विवरण संलग्न गरी प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ।

(२) बालबालिकाको विवरणमा निज बालबालिकाको हालसालै खिचिएको तस्विर राख्नुपर्नेछ।

(३) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा राख्दाको समयमा तयार गरिएको मनोसामाजिक लेखाजोखा प्रतिवेदन, उक्त परिवारमा निज बालबालिकालाई राख्ने निर्णय (माइन्युट) र अवधिसमेत विवरणमा समावेश गर्नुपर्नेछ।

(४) यस खण्ड अन्तर्गत राख्नुपर्ने विवरण देहाय बमोजिम तीनवटा फाइल खडा गरी राख्नुपर्नेछः

(क) बालबालिकाको लिखत तथा कानूनी दस्तावेज भएको फाइल। यस फाइलमा-

(अ) बालबालिकाको जन्मदर्ता,

(आ) आमाबाबुको स्थिति र विवरणसम्बन्धी कागजात,

(इ) आमाबाबु विहिन भएमा त्यस बारेको सिफारिस,

(ई) निज बालबालिकाको हक लाग्ने सम्पत्ति वा जायजेथा भएमा त्यससम्बन्धी कागजात,

(उ) मनोसामाजिक लेखाजोखा प्रतिवेदन,

(ऊ) बालबालिका र उक्त इच्छुक परिवार वा व्यक्ति मिलन (म्याचिङ्ग) को कागजात,

(ए) वडा तथा नगरपालिकाबाट भएका सिफारिस,

(ऐ) अपाङ्गता पहिचान र परिचयपत्र,

(ओ) इच्छुक परिवार र व्यक्ति तथा नगरपालिका *(र आवश्यकता बमोजिम सेवा प्रदायक संस्था समेत)* बीच भएको सम्झौताको प्रति- लगायतका विवरण र कागजात अद्यावधिक गरी राख्नुपर्ने,

(औ) इच्छुक परिवार र व्यक्तिलाई नगरपालिकाले सूचीकृत गरेको पत्र तथा बालबालिकालाई हेरचाहको जिम्मा लगाइएको व्यहोराको पत्र।

(ख) बालबालिकाको शैक्षिक विवरण र प्रमाणपत्र लगायत भएको फाइल। यस फाइलमा शैक्षिक विवरण र प्रमाणपत्र सिलसिलेबार रूपमा राखिनेछ र अद्यावधिक गरिने,

(ग) बालबालिकाको स्वास्थ्यसम्बन्धी विवरण र कागजात भएको फाइल। यस फाइलमा बालबालिकाको स्वास्थ्य विवरण, स्वास्थ्य जाँचको प्रतिवेदन, खोपकार्ड लगायतका विवरण र कागजात आवश्यकता अनुसार अद्यावधिक गरी राखिने।

(५) बालबालिकाको अभिलेखमा रहनुपर्ने विवरण/कागजातको रूजूसूची देहाय अनुसार रहेको छः

(क) बालबालिकाको नामथर, उमेर, लिङ्ग, तस्विर लगायतका विवरण,

(ख) बालबालिकाको जन्मदर्ता, वडा वा नगरपालिकाबाट भएको सिफारिस,

(ग) विद्यालय र पढिरहेको कक्षा,

(घ) स्वास्थ्य स्थिति (औषधोपचार र खोप लगायतको विवरण, मनोसामाजिक अवस्था),

(ङ) जन्मदिने आमाबाबु वा परिवारको अवस्था, यदि जीवित हुनुभएमा उहाँहरू कहाँ हुनुहुन्छ तत्सम्बन्धी जानकारी र मृत्यु भएकोमा स्थानीय पञ्जिकाधिकारीले जारी गरेको मृत्युदर्ताको प्रमाणपत्र,

(च) बालबालिकाको मनोसामाजिक लेखाजोखा प्रतिवेदन र इच्छुक परिवार वा व्यक्तिको सामाजिक अध्ययन प्रतिवेदन, उक्त परिवारमा निज बालबालिकालाई राख्ने निर्णय (माइन्युट), परिवारमा बालबालिका मिलन गर्दाका तस्वीर र अवधि समेत खुलेको विवरण,

(छ) बालबालिकाको मनोवैज्ञानिक प्रतिवेदन,

(ज) बालबालिकाको हेरचाह योजना वा बालविकास योजना (Care plan or Child development plan),

(झ) राखिएको इच्छुक परिवार वा व्यक्तिको विवरण, र त्यस परिवारमा केही परिवर्तन आएमा वा फेरबदल भएमा तत्सम्बन्धी व्यहोरा,

(ञ) अनुगमन प्रतिवेदनको प्रति ।

(६) खण्ड (४) अनुसारको फाइलहरूको सक्कल प्रति बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिसँग राख्न दिई सोको अर्को एक प्रति बालकल्याण अधिकारीको जिम्मामा राख्नुपर्नेछ । र, नगरपालिकामा सम्बन्धित बालबालिकाको घटना व्यवस्थापनमा संलग्न भएको संस्थामा समेत एक-एक प्रति फाइल राख्न सकिनेछ ।

## परिच्छेद-७:
## इच्छुक परिवार वा व्यक्तिको वैकल्पिक हेरचाहसम्बन्धी जिम्मेवारीको समाप्ति

**३५. इच्छुक परिवार वा व्यक्तिको हेरचाह गर्ने जिम्मेवारीको समाप्तिः** हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिको वैकल्पिक हेरचाह गर्ने हैसियत देहायका अवस्थामा अन्त्य गर्न सकिनेछः

(क) वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई त्यस्तो सेवाको आवश्यकता नपरेमा । यसअन्तर्गत देहायका परिस्थिति हुन सक्दछः

(अ) वैकल्पिक हेरचाहमा रहेका बालबालिका १८ वर्ष पूरा भएको र पुनर्स्थापना भई गएको,

तर, १८ वर्ष पूरा भएको बालबालिकाको पुनर्मिलन वा पुनर्स्थापना गराउन नसकिएमा वा शिक्षाको निरन्तरताका लागि युवा लक्षित कार्यक्रमसँग गाँसी आपसी सहमतिमा उक्त हेरचाह गर्ने परिवार वा व्यक्तिसँग रहनबस्न सक्ने,

(आ) बालबालिकालाई जन्मदिने आमाबाबु/परिवारका सदस्य फेला नपरेका कारण इच्छुक परिवार वा व्यक्तिसँग राखी वैकल्पिक हेरचाह प्रदान गरिएकोमा निजको आमाबाबु/परिवारका सदस्य फेला परेमा र निजलाई आमाबाबु/परिवारका सदस्यसँग पुनर्मिलन गराउनु सर्वोत्तम हित अनुकूल हुने देखिएमा,

(इ) वैकल्पिक हेरचाहमा रहेको बालबालिका धर्मपुत्र वा धर्मपुत्री भई गई निजले स्थायी परिवार पाएमा,

(ई) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको मृत्यु भएमा,

(उ) प्रचलित कानून र यस कार्यविधि अनुरूप अवधि तोकेर इच्छुक परिवार वा व्यक्तिलाई बालबालिका हेरचाहको जिम्मा लगाइएकोमा त्यस्तो सम्झौताको अवधि समाप्त भएमा,

तर, त्यसरी सम्झौता अवधि सकिएको कारणबाट हेरचाहको जिम्मेवारी समाप्त भएको अवस्थामा बालबालिकाको वैकल्पिक हेरचाहको अर्को प्रबन्ध

नगरिएसम्म निज बालबालिका सोही इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहनेछन् ।

(ख) हेरचाह प्रदान गरिरहेको इच्छुक परिवार वा व्यक्तिको कुनै व्यक्तिगत वा पारिवारिक कारणले वैकल्पिक हेरचाहलाई निरन्तरता दिन नसक्ने भएमा । यसअन्तर्गत देहायको परिस्थिति हुन सक्दछः

(अ) स्वास्थ्य समस्या, गम्भीर आर्थिक समस्या अथवा अन्य काबु बाहिरको कारणले गर्दा हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्ति वैकल्पिक हेरचाह प्रदान गर्नका लागि अयोग्य भएमा,

(आ) हेरचाह प्रदान गरिरहेको इच्छुक परिवार वा व्यक्तिको कुनै परिस्थितिको कारण बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका बालबालिकाको आधारभूत अधिकार, बढ्दो विकासको आवश्यकता, सामाजिक वा भावनात्मक आवश्यकता पूरा गर्न सक्षम नभएमा,

(इ) परिवारमा दम्पत्तिबीच छोडपत्र भएमा, दम्पतिमध्ये कुनै एकको मृत्यु भएमा, तर, यस्तो परिस्थितिमा समाजसेवीलाई पुनः उक्त परिवारको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाई सो समेतको आधारमा मात्र निर्णय लिइनुपर्ने,

(ई) संरक्षकले आफू कुनै कारणवश संरक्षक हुन नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष दिएको निवेदन स्वीकृत भएमा ।

(ग) वैकल्पिक हेरचाह प्रदान गरिरहेको इच्छुक परिवार वा व्यक्तिको योग्यता नपुगेको पाइएमा, तोकिएका शर्तप्रक्रियाको बर्खिलाप कार्य गरेमा र बालबालिकाको संरक्षणको सवाल उठेमा । यसअन्तर्गत देहायको परिस्थिति हुन सक्दछ :

(अ) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिका र वैकल्पिक हेरचाह प्रदायक परिवार वा व्यक्ति बीच सामन्जस्य हुन नसकेमा वा बारम्बार परामर्श सेवा उपलब्ध गराउँदा समेत मिलाउन सकिने हदभन्दा माथि मनमुटाव भएमा,

(आ) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिका कुनै उल्लेख्य कारण विना ७५ प्रतिशतभन्दा कम दिन मात्र विद्यालय गएमा तथा बालबालिकाको आधारभूत स्वास्थ्य स्याहार र हेरचाहमा गम्भीर लापरवाही भएको पाइएमा,

(इ) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको पालनपोषण, स्वास्थ्य उपचार, भावनात्मक सम्पन्नतामा गम्भीर बेवास्ता वा लापरवाही भएको भनी स्वयं बालबालिका, छिमेकी, समाजसेवी, स्थानीय बालअधिकार समितिका सदस्य वा वडा समितिका सदस्यले उजुरी दिएको र छानबिन गर्दा सोको पुष्टि हुने आधार देखिएमा ।

(घ) हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिले आफ्नो संरक्षणमा रहेका बालबालिकामाथि कानून विपरीतको कार्य गरे, गराएको अथवा हिंसा, दुर्व्यवहार वा शोषण भएको भनी स्वयं बालबालिका, छिमेकी, समाजसेवी, स्थानीय बालअधिकार समितिका सदस्य वा वडा समितिका सदस्यले उजुरी दिएको र सो को छानबिन गर्दा प्रमाणित हुने देखिएमा । यसअन्तर्गत देहायको हानिको स्थिति देखिएको हुन सक्दछः

(अ) हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिले निज बालबालिकालाई वैकल्पिक हेरचाह गरेको आधारमा अनुचित आर्थिक लाभ लिने वा बालबालिकाको हक लाग्ने सम्पत्ति/जायजेथाको मासनाश गरी व्यक्तिगत लाभ लिने प्रयत्न गरेमा,

(आ) बालबालिकामाथि शारीरिक, मानसिक वा भावनात्मक र यौनदुर्व्यवहार भएमा अथवा हेरचाहमा बेवास्ता भएको पाइएमा,

(इ) बालबालिकालाई कानून विपरीत श्रममा संलग्न गराएको पाइएमा ।

(ङ) माथि उल्लिखित आधार र कारणको अलावा प्रचलित कानूनी व्यवस्थाको मातहत बालकल्याण अधिकारी वा अख्तियार प्राप्त अन्य अधिकारीले मनासिव ठानेका अन्य कुनै कारण समेतका आधारमा इच्छुक परिवार वा व्यक्तिको वैकल्पिक हेरचाहको जिम्मेवारी समाप्त गर्न सकिने ।

३६. **कारबाही हुनेः** (१) बालबालिकालाई हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिले प्रचलित कानूनको उल्लङ्घन गरेमा, तथा हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिले पालना गर्नुपर्ने शर्तप्रक्रिया बर्खिलाप कार्य गरेकोमा दोषी प्रमाणित भएमा त्यस्तो हेरचाह गर्ने परिवार वा व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(२) इच्छुक परिवार वा व्यक्तिलाई उपनियम (१) बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन अख्तियार प्राप्त निकायमा विधिवत निवेदन दिएपछि उक्त परिवार वा व्यक्तिको हेरचाहमा रहेको बालबालिकाको सर्वोत्तम हितको लागि बालकल्याण अधिकारीले निजलाई त्यहाँबाट अन्यत्रै राखी हेरचाहको प्रबन्ध गरिनुपर्नेछ ।

३७. **इच्छुक परिवार वा व्यक्तिको वैकल्पिक हेरचाह समाप्त गर्ने अधिकारी र प्रक्रियाः** (१) बालकल्याण अधिकारीलाई बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिको हेरचाह गर्ने जिम्मेवारी समाप्त गर्ने अधिकार हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए पनि बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिलाई बालबालिकाको संरक्षक तोकिएकोमा भने त्यस्तो संरक्षकबाट हटाउन अदालतमा निवेदन दिनुपर्नेछ ।

(३) बालबालिकाको हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिको हेरचाहको जिम्मेवारी अन्त्य गर्नुभन्दा अघि बालकल्याण अधिकारीले त्यस्तो इच्छुक परिवार वा व्यक्तिलाई स्पष्ट कारण सहितको लिखित सूचना दिनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिमको सूचना दिनुअघि हेरचाह प्रदान गरिरहेको इच्छुक परिवार वा व्यक्तिले यस कार्यविधिको नियम ३४ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मध्ये कुन परिस्थितिको कारण हेरचाहको जिम्मेवारी अन्त्य गर्न लागिएको हो, सो खुलाई जानकारी दिनुपर्नेछ ।

(५) हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिको संरक्षणमा रहेका बालबालिकालाई अब उप्रान्त वैकल्पिक हेरचाहको आवश्यकता नभएको कारणबाट उक्त इच्छुक परिवार वा व्यक्तिको जिम्मेवारी समाप्त गरिँदा भने निज बालबालिका, परिवारका सदस्य, समाजसेवी लगायतलाई संलग्न गराई बालकल्याण अधिकारीले अनुगमन एवम् समीक्षा गरी एक प्रतिवेदन तयार गर्न लगाउनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम अनुगमन एवम् समीक्षा गरी प्रतिवेदन तयार गरिँदा उक्त इच्छुक परिवार वा व्यक्तिलाई भविष्यमा बालबालिकाको हेरचाहको जिम्मा दिन सकिने वा नसकिने हो, अनि यदि सकिने भएमा कुन उमेर, लिङ्ग र परिवेशका बालबालिकाका लागि उपयुक्त हुन्छन् भन्ने समेत यकिन गर्न लगाउनुपर्नेछ ।

(७) यस कार्यविधिको नियम ३४ को खण्ड (क) र (ख) बमोजिम हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिको जिम्मेवारी समाप्त गर्दा बालकल्याण अधिकारीले समाजसेवीलाई त्यस्तो परिवारको अवस्थाबारे द्रुत लेखाजोखा गरी प्रतिवेदन तयार गर्न लगाउनुपर्नेछ । त्यस्तो प्रतिवेदनमा उक्त इच्छुक परिवार वा व्यक्तिको निर्दिष्ट अवस्थामा सुधार भएको खण्डमा भविष्यमा बालबालिका हेरचाहको लागि जिम्मा दिन सकिने वा नसकिने हो उल्लेख गर्न लगाउनुपर्नेछ ।

(८) यस कार्यविधिको नियम ३४ को खण्ड (ग) र (घ) बमोजिम हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिको जिम्मेवारी समाप्त गरिनुपर्दा भने त्यस्तो हेरचाह गर्ने इच्छुक परिवार वा व्यक्तिबारे अख्तियार प्राप्त निकायमा छानबिन गरी कारबाही अगाडि बढाउनको लागि बालकल्याण अधिकारीले सिफारिस गर्नुपर्नेछ ।

(९) नियम ३४ को खण्ड (ग) र (घ) बमोजिम हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिको जिम्मेवारी समाप्त गरिँदा उक्त परिवार वा व्यक्तिलाई भविष्यमा बालबालिका हेरचाहको लागि जिम्मा दिन सकिने हो वा नसकिने हो त्यसबारे निर्णय गरिनुपर्नेछ ।

(१०) नियम ३४ को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिम हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिका जिम्मेवारी समाप्त गरिँदा तत्कालै उक्त परिवारको हेरचाहमा रहेका बालबालिकालाई संरक्षण गर्ने अर्को व्यवस्था गरिनुपर्नेछ ।

३८. **पुनर्मिलन, पुनर्एकीकरण वा पुनर्स्थापना गराउनुपर्नेः** (१) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यकता अनुसार पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्नुपर्नेछ ।

(२) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकालाई जैविक परिवारको पहिचान भएपछि, परिवारको अवस्थामा सुधार भई बालबालिकाको हेरचाह गर्न सक्षम भएको भनी समाजसेवीले प्रतिवेदन दिएपछि तथा परिवारमा पुनर्मिलन गराउनु निज बालबालिकाको सर्वोत्तम हितमा हुने देखिएमा निजलाई जैविक परिवारमा पुनर्मिलन गराई *(अनुसूची-७ मा दिइएको फाराम)* हेरचाहको दायित्व सुम्पनुपर्नेछ ।

(३) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकालाई घटना व्यवस्थापनको चरण एवम् प्रक्रिया अपनाई वृहद् परिवार वा नातेदार पहिचान भएपछि वा त्यहाँ राखी हेरचाहको जिम्मा लगाउनु निज बालबालिकाको सर्वोत्तम हितमा देखिएमा वृहद् परिवार वा नातेदारसँग पुनर्एकीकरण गरी हेरचाहको जिम्मेवारी सुम्पन सकिनेछ ।

(४) बालबालिका इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेबसेको अवस्थामा निज बालबालिकाको आमाबाबु वा परिवारको पहिचान गर्न र त्यहाँ पुनर्मिलन वा पुनर्एकीकरण गर्ने गराउन उद्देश्यले नगरपालिकाले बालबालिका हकदाबी गर्न आउने सूचना निकाल्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सूचना निकाल्दा बालबालिकाको गोपनीयताको हकको सम्मान गर्नुपर्नेछ ।

(६) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको पुनर्मिलन वा पुनर्एकीकरण गर्न गराउनको लागि परिवार फेला नपरेमा वा कुनै कारणवश परिवारमा पुनर्मिलन वा पुनर्एकीकरण गर्नु गराउनु निज बालबालिकाको सर्वोत्तम हितमा नदेखिएमा निजलाई सामाजिक पुनर्स्थापना (Rehabilitation) गरी हेरचाह गर्न गराउन सकिनेछ ।

(७) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा बालकल्याण अधिकारीले समाजसेवीको मनोसामाजिक लेखाजोखा र बालमनोविज्ञको मनोवैज्ञानिक अवस्थाको अध्ययन प्रतिवेदनमा दिएको राय एवम् सुझावलाई उचित ध्यान दिनुपर्नेछ ।

(८) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा घटना व्यवस्थापनको प्रक्रियाका सबै चरणमा काम गर्नुपर्नेछ ।

(९) इच्छुक परिवार वा व्यक्तिको हेरचाहमा रहेका बालबालिकाको पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा गराउँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछः

(क) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा परिवारको पहिचान गरिएपछि बालबालिका तथा परिवार दुवैको तहमा तयारी गर्नुपर्ने,

(ख) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा बालबालिकाको भावनात्मक सम्पन्नता (Wellbeing Assessment) गरी सहयोग आवश्यक भएमा त्यसलाई बाल-हेरचाह योजनामा परिमार्जन/समावेश गर्नुपर्ने,

(ग) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा उक्त परिवारको लेखाजोखा गर्नुपर्ने,

(घ) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा उक्त परिवारलाई लेखाजोखाको आधारमा आवश्यक सहयोग यकिन गर्नुपर्ने,

(ङ) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा गराउँदा उक्त परिवार र बालबालिकालाई मनोसामाजिक सहयोग उपलब्ध गराउनुपर्ने,

(च) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गर्दा स्थानीय बालअधिकार समिति, स्थानीय तहका निकाय तथा सेवा प्रदायकको भुमिका एवम् जिम्मेवारी यकिन गरी सोही बमोजिम संलग्न गर्नु गराउनुपर्ने,

(छ) पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना गरिएका बालबालिकालाई कम्तीमा एक वर्षसम्म निरन्तर अनुगमन गर्नुपर्ने । अनुगमन गर्दा सुरुका तीन महिना तालिका बनाई परिवार र बालबालिकाको स्थितिको अनुगमन गर्नुपर्ने,

(ज) बालबालिका पुनर्मिलन, पुनर्एकीकरण वा सामाजिक पुनर्स्थापना भई गएपछि इच्छुक परिवार वा व्यक्तिको हेरचाहको दायित्व समाप्त हुनेहुँदा संरक्षकत्व समाप्तिको लागि प्रक्रिया सुरु गर्नुपर्ने,

(झ) बालबालिकाको वैकल्पिक हेरचाहको घटना समापन गर्नुपर्ने ।

## परिच्छेद-८:
## इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहबारे निकाय, अधिकारी एवम् सरोकारवालाको भूमिका

**३९. इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहका लागि नगरपालिकामा उपलब्ध हुनुपर्ने संस्थागत व्यवस्थाः**

(१) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहका लागि नगरपालिकामा देहायका संस्थागत वा संरचनाको व्यवस्था गरिएको हुनुपर्नेछः

(क) स्थानीय बालअधिकार समितिको गठन *(यसको लागि स्थानीय तहमा कार्यविधि वा ऐन पारित गरी लागू गरिएको हुनुपर्ने),*

(ख) बालकल्याण अधिकारीको नियुक्ती *(अलग्गै नियुक्त नभएसम्म कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सकिने),*

(ग) बालकोष स्थापना एवम् परिचालनको लागि कार्यविधि पारित गरिएको हुनुपर्ने,

(घ) नगरपालिकामा समाजसेवी र बालमनोविज्ञको सूचीकरण र नियुक्ति गरिएको हुनुपर्ने,

(ङ) वैकल्पिक हेरचाह प्रदान गर्न सेवा प्रदायकको पहिचान र आधारभूत क्षमता अभिवृद्धि ।

(२) नगरपालिकाले आफूसँग उपलब्ध स्रोत (आर्थिक, मानवीय, भौतिक पूर्वाधार समेत) को नक्साङ्कन र तिनलाई आवश्यकता अनुसार परिचालन गरिनुपर्नेछ ।

**४०. नगरपालिका, नगरपालिका अन्तर्गतका निकायको भूमिकाः** इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहको प्रबन्ध तथा प्रवर्द्धन गर्नमा नगरपालिका तथा नगरपालिका अन्तर्गतका निकायको भूमिका देहाय बमोजिम रहेका छन् :

(क) नगरपालिकाभित्र भए गरिएको वैकल्पिक हेरचाहको लागि आवश्यक आर्थिक, प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने,

(ख) बालकल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ तथा स्थानीय बालअधिकार समितिका पदाधिकारी तथा सदस्यको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ग) नगरपालिकामा बालबालिका तथा परिवारलाई आवश्यक मनोसामाजिक सहयोग गर्न मनोविमर्शकर्ताको व्यवस्था गर्ने,

(घ) सेवाको आवश्यकता भएका परिवार तथा बालबालिकालाई मनोविमर्शकर्ता वा अन्य सेवा प्रदायकसँग पहुँच बनाउन सघाउने,

(ङ) सेवा प्रदायक तथा सम्बन्धित संस्था एवम् निकायबीच वैकल्पिक हेरचाहबारे नियमित रूपमा सचेतनामूलक अभियान सञ्चालन गर्ने गराउने,

(च) वैकल्पिक हेरचाह प्रदान गरिरहेका परिवार तथा त्यहाँ संरक्षित बालबालिकाको हकअधिकार प्रवर्द्धन गर्न शिक्षा, स्वास्थ्य, कानूनी सहायता लगायतमा विशेष व्यवस्था गर्ने गराउने । यसको लागि प्रदेश र सङ्घीय सरकारका निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(छ) बालकल्याण अधिकारीसँग समन्वय गरी स्थानीय बालअधिकार समितिको तर्फबाट वैकल्पिक हेरचाहबारे नियमित अनुगमन तथा समीक्षा गरी प्रदेश तथा सङ्घीय तहका तोकिएका निकायमा तोकिए बमोजिम प्रतिवेदन पेश गर्ने,

(ज) वैकल्पिक हेरचाह प्रदान गरिरहेका परिवार तथा त्यहाँ संरक्षित कानूनले तोकेको उमेर पुगेका किशोरकिशोरीलाई लक्षित गरी इन्टर्नसीप र रोजगारीको अवसरमा विशेष व्यवस्था गर्ने गराउने,

(झ) वैकल्पिक हेरचाह प्रदान गरिरहेका परिवार तथा त्यहाँ संरक्षित बालबालिकालाई लक्षित गरी नगरपालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा सहयोग प्रदान गर्न नीतिगत, कार्यक्रमगत र बजेट व्यवस्था गर्ने,

(ञ) नगरपालिकाभित्र परिवारमा आधारित वैकल्पिक हेरचाहबारे उत्कृष्ट काम गर्ने र गुणस्तरीय हेरचाह प्रदान गर्ने परिवारलाई सम्मान गर्ने,

(ट) स्थानीय बालअधिकार समितिले प्रकाशन गर्ने प्रतिवेदनमा इच्छुक परिवार वा व्यक्तिको संरक्षणमा वैकल्पिक हेरचाहको प्रबन्ध गरिएका बालबालिकाको लिङ्गगत तथा उमेरगत तथ्याङ्क समावेश गर्ने गराउने ।

४१. **स्थानीय बालअधिकार समितिको भूमिकाः** बालबालिकाको परिवारमा आधारित वैकल्पिक हेरचाहका सम्बन्धमा स्थानीय बालअधिकार समितिको भूमिका देहाय बमोजिम हुनेछः

(क) प्रचलित कानून बमोजिम नगरपालिकामा रहेका वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाहको प्रबन्ध गर्न बालकल्याण अधिकारीलाई प्राविधिक रूपमा सघाउने,

(ख) नगरपालिकामा रहेका वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह प्रदान गर्न इच्छुक परिवार वा व्यक्तिको पहिचान गर्ने । यसको लागि नगरपालिकाको तर्फबाट सार्वजनिक विज्ञापन गरी आव्हान गर्न सकिने,

(ग) खण्ड (ख) बमोजिम पहिचान भएका वा निवेदन दिएका इच्छुक परिवार वा व्यक्तिको बारेमा लेखाजोखा गर्न सघाउने र उपयुक्त देखिएका परिवारको सूची तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिमको सूचीमा रहेका परिवारलाई तालिमको प्रबन्ध गर्ने, गराउने,

(ङ) खण्ड (घ) बमोजिम तालिम पूरा गरेका इच्छुक परिवार वा व्यक्तिले बालबालिकाको हेरचाह गर्न प्रतिबद्धता देखाएपछि वा तत्पर भएपछि हेरचाह चाहिएका बालबालिकासँग मेल गराउने कार्यप्रक्रिया *(निर्दिष्ट फारामको रूजुसूची बमोजिम परिवार र बालबालिकाको म्याचिङ्ग गराउने)* अवलम्बन गर्ने,

(च) तालिमपश्चात बालबालिकाको हेरचाहको लागि प्रतिबद्ध भएका इच्छुक परिवार वा व्यक्तिलाई छरछिमेक वा समुदायमा परिचय गराउनको लागि एक परिचयात्मक/सम्मान वा अभिमूखीकरण कार्यक्रम गर्ने गराउने,

(छ) स्थानीय बालअधिकार समितिले खण्ड (ङ) बमोजिमको प्रतिबद्धता जनाएका इच्छुक परिवार वा व्यक्तिको प्रचलित कानून वा यस कार्यविधि बमोजिमको योग्यता पुगेको छ वा छैन यकिन गर्न बालकल्याण अधिकारीलाई मद्दत गर्ने,

(ज) खण्ड (ङ) बमोजिमको प्रतिबद्धता भएका इच्छुक परिवार वा व्यक्तिको प्रचलित कानून वा यस कार्यविधि बमोजिम सम्बन्धित स्थानीय तहमा दर्ता गर्न, गराउनका लागि सहजीकरण गर्ने,

(झ) नगरपालिकाभित्र नातेदार हेरचाह, इच्छुक परिवार वा व्यक्तिको हेरचाह लगायतका परिवारमा राखी गरिने वैकल्पिक हेरचाह प्रवर्द्धन गर्न प्रचारात्मक र सचेतनामूलक कार्यक्रम गर्ने गराउने,

(ञ) वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा तत्काल संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह योजना (Care plan) तयार गर्ने, गराउने,

(ट) नगरपालिकाभित्र वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको स्थिति अनुगमन गरी नगरकार्यपालिकामा पेश गर्ने,

(ठ) नगरपालिकाका निर्वाचित प्रतिनिधि, कर्मचारी, बालअधिकार तथा बालसंरक्षणसम्बन्धी संरचना, सेवा प्रदायक लगायतको वैकल्पिक हेरचाहको लागि क्षमता अभिवृद्धि गर्ने,

(ड) वैकल्पिक हेरचाहमा रही वयस्क भएका बालबालिका तथा किशोरकिशोरीलाई परिवार तथा समाजमा पुनर्एकीकरण वा पुनर्स्थापना गर्नको लागि सहजीकरण गर्ने,

(ढ) नगरपालिकामा विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका, वैकल्पिक हेरचाहमा रहेबसेका तथा वैकल्पिक हेरचाहबाट बाहिर निस्किएका बालबालिका तथा किशोरकिशोरीको वर्गीकृत तथ्याङ्क अद्यावधिक गरी सुरक्षित राख्ने,

(ण) नगरपालिकामा वैकल्पिक हेरचाहसँग सम्बन्धित निकाय, संस्था, सेवा प्रदायक तथा सरोकारवाला बीच कम्तिमा पनि छ महिनामा एकपटक भेला/छलफल गरी गराई तत्सम्बन्धी के भइरहेको छ, प्रचलित कानून र यस कार्यविधिको कार्यान्वयनको स्थिति के छ र नगरपालिकाबाट बालबालिका, सेवा प्रदायक व्यक्ति, परिवार र संस्थालाई के-कस्तो सहयोग आवश्यकता परिरहेको छ, त्यसबारे समीक्षा गर्ने,

(त) वैकल्पिक हेरचाहका सम्बन्धमा नगरपालिकामा भएका कार्य, प्रगति तथा यस कार्यविधि अनुरूप अद्यावधिक गरिएका सूचना जानकारीको फेहरिस्त तयार गरी सम्बन्धित प्रदेश, राष्ट्रिय बालअधिकार परिषद् तथा सङ्घीय मन्त्रालयमा ऐनको व्यवस्था बमोजिम प्रगति प्रतिवेदन पेश गर्ने ।

४२. **सेवा प्रदायकको भूमिका तथा जिम्मेवारीः** (१) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहबारे नगरपालिकामा रहेका बालअधिकार तथा बाल संरक्षणसम्बन्धी संरचनाको भूमिका देहाय बमोजिम हुनेछः

(क) हिंसा, दुर्व्यवहार, शोषण लगायतका हानिबाट बालबालिका पीडित नहोऊन् भनी समुदायमा सचेतनामूलक कार्य गर्ने गराउने,

(ख) हिंसा, दुर्व्यवहार, शोषण लगायतका हानिबाट प्रभावित बालबालिकालाई कानूनी, स्वास्थ्य, स्याहार, सामाजिक पुनर्स्थापनामा सघाउने,

(ग) बालबालिका र हेरचाह गरिरहेको परिवारलाई नगरपालिकाबाट सेवा सुविधा दिन, शुल्क र छुट दिन नगरपालिकामा सिफारिस गर्ने ।

(२) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाहबारे नगरपालिकामा रहेका वैकल्पिक हेरचाहमा कार्यरत संस्थाको भूमिका देहाय बमोजिम हुनेछः

(क) नगरपालिकामा कार्यविधि बनाउन र कार्यान्वयनमा सघाउने,

(ख) बालबालिकाको हेरचाहको लागि इच्छुक परिवार वा व्यक्तिको पहिचान गर्न समुदायमा छलफल चलाउने, समूह केन्द्रित छलफल गर्ने,

(ग) घटना व्यवस्थापन तथा सिफारिस सेवा (मनोसामाजिक सहयोग लगायत) का लागि प्राविधिक रूपमा सघाउने,

(घ) समुदायमा सचेतना तथा सहभागिता अभिवृद्धि गर्ने,

(ङ) नगरपालिकामा वैकल्पिक हेरचाहका लागि बजेट विनियोजन गर्न पैरवी गर्ने,

(च) परिवार र बालबालिका लक्षित तालिम (व्यवसायिक तालिम समेत) र अभिमूखीकरण गर्ने गराउने,

(छ) बालबालिकाको पहिचानको कागजात बनाउन सम्बन्धित निकायसम्म उक्त सवाल पुऱ्याई सघाउने,

(ज) इच्छुक परिवार र व्यक्तिसँग राखी गरिने हेरचाहको प्रभावकारिता मूल्याङ्कन गर्ने,

(झ) बालसंरक्षण प्रणाली सबलीकरणको लागि क्षमता अभिवृद्धि गर्ने र लक्षित कार्यक्रम सञ्चालन गर्ने,

(ञ) सामाजिक सुरक्षा कार्यक्रममा पहुँच बढाउन समन्वय गर्ने,

(ट) वैकल्पिक हेरचाहको अनुगमन कार्यमा स्थानीय बालअधिकार समिति र बालकल्याण अधिकारीलाई सघाउने,

(ठ) अन्तर्राष्ट्रिय असल अभ्यासलाई स्थानीयकरण गर्ने,

(ड) स्रोतको नक्साङ्कन र खोजी गर्ने उपायबारे नगरपालिकासँग सहकार्य गर्ने,

(ढ) इच्छुक परिवार वा व्यक्तिलाई आपसी सहयोगको लागि समन्वय गरिदिने,

(ण) हेरचाह अनुभवी बालबालिका तथा किशोरकिशोरीलाई क्षमता विकास गर्न सहयोग गर्ने,

(त) समुदायमा रहेका अपाङ्गता भएका बालबालिकाको परिचयपत्र बनाउन नगरपालिकामा सिफारिस गर्ने, अपाङ्गता भएका बालबालिकालाई आवश्यक सेवामा सिफारिस गर्ने,

(थ) जैविक परिवारको सबलीकरण र सक्षमता बढाउन लक्षित कार्यक्रम सहित काम गर्ने,

(द) बालबालिका र हेरचाह गरिरहेको परिवारलाई नगरपालिकाबाट सेवा सुविधा पाउन, शुल्क र छुट पाउनको लागि पैरवी गर्ने ।

(३) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहका सम्बन्धमा टोल विकास समितिका पदाधिकारी तथा सदस्यको भूमिका देहायबमोजिम हुनेछः

(क) बालबालिकाको पहिचान गर्ने (वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने),

(ख) वैकल्पिक हेरचाहको अनुगमन कार्यमा स्थानीय बालअधिकार समिति र बालकल्याण अधिकारीलाई सघाउने,

(ग) वैकल्पिक हेरचाह प्रदान गरिरहेका इच्छुक परिवार वा व्यक्तिको आवश्यकताको आधारमा कमोडिटी भौचर बनाउन मद्दत गर्ने,

(घ) बालबालिकाको हेरचाह र संरक्षणको लागि सुरक्षा सञ्जाल (Safety Net) को रूपमा काम गर्न सक्ने,

(ङ) परिवार र बालबालिका बीच समस्या भएमा सम्झाइबुझाइ गर्न सक्ने र त्यसबारे बालकल्याण अधिकारीलाई जानकारी दिन सक्ने ।

(४) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहका सम्बन्धमा नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछः

(क) इच्छुक परिवारलाई आर्थिक सहायता, आयआर्जन सहयोग, क्षमता विकास तालिम, व्यावसायिक सीप तालिम लगायतका लागि वार्षिक कार्यक्रम तय गरी बजेट विनियोजन गर्ने,

(ख) वैकल्पिक हेरचाहको आवश्यता भएका र हेरचाह प्रदान गर्न इच्छुक परिवारको तथ्याङ्क अद्यावधिक गर्ने,

(ग) इच्छुक परिवारमा बालबालिकाको मिलन वा म्याचिङ्ग गराउन बालकल्याण अधिकारीलाई सघाउने,

(घ) संरक्षक तोक्न वा नियुक्त गर्नको लागि अदालती प्रक्रियामा सहजीकरण गर्ने,

(ङ) नगरपालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीलाई कम्तिमा वर्षको एकपटक वैकल्पिक हेरचाहको बारेमा अभिमूखीकरण गर्ने गराउने,

(च) हेरचाह गर्ने इच्छुक परिवारलाई नगरपालिकाको तर्फबाट सम्मान गर्न सिफारिस गर्ने,

(छ) हेरचाहमा रहेका बालबालिकालाई बालक्लब वा किशोरकिशोरी समूहमा सहभागी हुन प्रोत्साहन गर्ने,

(ञ) नगरपालिकामा क्रियाशील संस्थालाई बालअधिकार, बालसंरक्षण र वैकल्पिक हेरचाहमा काम गर्नको लागि प्रोत्साहन गर्ने ।

***

## अनुसूची-१ः
## वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको आधारभूत विवरण

| |
|---|
| विवरण फाराम भर्ने सामाजिक कार्यकर्ताको नामथरः<br>सम्पर्क नं.:<br>पछिल्लो पटक विवरण अद्यावधिक गरिएको मितिः |

१. वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सङ्केत नं.:

२. बालबालिकाको नामथर *(जन्मदर्ता अनुसारको नाम उल्लेख गर्नुहोस्)*:
बालबालिकालाई बोलाउने *(वा गोपनीयता कायम गर्नका लागि दिइएको)* नाम :

३. ठेगाना :
स्थायी ठेगाना (जन्मदर्ता अनुसारको): प्रदेशः जिल्लाः स्थानीय तहः
वडा नं.: गाउँटोलको नाम :
अस्थायी वा हाल बसोबास गरिरहेको ठेगानाः प्रदेशः जिल्लाः स्थानीय तहः
वडा नं.: गाउँटोलको नामः

४. जन्ममिति (जन्मदर्ता अनुसारको): वि.सं. साल महिना गते
ई.सं. साल महिना तारिख
हालको उमेरः वर्ष महिना

५. वैकल्पिक हेरचाहको आवश्यकता हुनुको मुख्य कारणः

| मिल्नेमा ठीक चिन्ह लागाउनुहोस् | कारण | कैफियत |
|---|---|---|
| | आमाबाबु दुवैको मृत्यु | |
| | आमाबाबुबाट विछोडिन पुगी उहाँहरू कहाँ हुनुहुन्छ थाहा नहुनु | |
| | | |
| | | |

६. हाल संरक्षणमा रहेको निकाय, संस्था, परिवार वा व्यक्तिको नामः
ठेगानाः प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं.:
गाउँटोलको नाम :
त्यहाँ कहिलेदेखि संरक्षणमा रहेका हुन् ? मिति साल महिना गतेदेखि
हाल कानूनी वा वैधानिक संरक्षकत्व कहाँ निहीत रहेको छ ? *(उल्लेख गर्नुहोस्)*

७. बालबालिकाको स्थास्थ्य अवस्थाः

८. बालबालिकाको शिक्षासम्बन्धी जानकारी
हाल पढिरहेको कक्षाः
विद्यालयको नाम र ठेगानाः
अघिल्लो कक्षा उत्तीर्ण हुँदा ल्याएको नम्बर र प्रतिशतः

९. बालबालिकाको आमाबाबु वा अभिभावक तथा नजिकको नतेदारबारे सङ्क्षिप्त जानकारी
बाबुको नामथरः
उमेरः
आमासँग सँगै बसेको वा अलग भएकोः
पेशाः
जिवीत वा मृत्यु भएकोः
जिवीत तर वेपत्ता भएको भए *(कारण थाहा भए, सो उल्लेख गर्नुहोस्):*
यदि जिवीत भएमा, सम्पर्क नं.:

आमाको नामथरः
उमेरः
बाबुसँग सँगै बसेको वा अलग भएकोः
पेशाः
जिवीत वा मृत्यु भएकोः
जिवीत तर वेपत्ता भएको भए *(कारण थाहा भए, सो उल्लेख गर्नुहोस्):*
यदि जिवीत भएमा, सम्पर्क नं.:

अभिभावकको नामथरः
उमेरः
निज बालबालिकाको अभिभावकसँगको नाताः
पेशाः
हालको ठेगानाः प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं.:
गाउँटोलको नामः
परिवारसँग बसेको भए, परिवारको सङ्ख्याः
सम्पर्क नं.:

बालबालिकाको नजिकको नातेदारबारे
नामथरः
उमेरः
निज बालबालिकाको अभिभावकसँगको नाताः
पेशाः
हालको ठेगानाः प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं.:
गाउँटोलको नामः
परिवारसँग बसेको भए, परिवारको सङ्ख्याः
सम्पर्क नं.:

१०. बालबालिकाको दाजुभाइ तथा दिदीवहिनीको विवरण

| नाम | लिङ्ग | जन्ममिति | पढिरहेको | | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | विद्यालय | कक्षा | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

११. निज बालबालिकाको विगतदेखि हालसम्मको परिस्थितिबारे सङ्क्षिप्त जानकारी:

हाल निज बालबालिका बसोबास गरिरहेको स्थान/परिवारबारे केही अवलोकन:

निज बालबालिका अवलोकन गर्दा देखिने शारीरिक, मानसिक, मनोवैज्ञानिक तथा मनोसामाजिक अवस्थाबारे अन्तर्वार्ता लिने सामाजिक कार्यकर्ताका अवलोकन:

निज बालबालिकासँग/बारे उपलब्ध कागजात/दस्तावेजहरू:

निज बालबालिकाको सम्बन्धमा सामाजिक कार्यकर्ताको रायसुझाव तथा सिफारिस:

| **सिफारिस** | **राय सुझाव र आधार** |
|---|---|
| परिवारको पहिचान गरी परिवारमा पुनर्मिलना गराउने | |
| परिवारको सामाजिक लेखाजोखा गरेर परिवारमा पुनर्मिलन गराउनेबारे निर्णय लिइनुपर्ने | |
| नातेदारको खोजी गरी नातेदार हेरचाहमा पठाउने सम्भावना खोजी गरिनुपर्ने | |
| इच्छुक परिवार वा व्यक्ति खोजी गरी वैकल्पिक हेरचाहको प्रवन्ध गरिनुपर्ने | |
| वैकल्पिक हेरचाहका अन्य स्वरूपबारे उपयुक्त हुन्छ कि त्यसबारे थप जानकारी खोजिनुपर्ने | |
| अन्य गरिनुपर्ने कार्यहरू | |

***

## अनुसूची-२:
## पारिवारिक लेखाजोखा फाराम

**१. परिवारको आधारभूत विवरण**

१.१ परिवारको मुलीको नामथरः ..............................................................

१.२ परिवारको सदस्य सङ्ख्या : (क) महिला : ........... जना, (ख) पुरूष : ........... जना,
(ग) १८ वर्ष उमेर नपुगेका बालबालिका संख्या : जम्मा :......... जना, बालिका : ......... जना,
बालक : ........... जना

१.३ परिवारको ठेगाना : .......................................................................
स्थायी ठेगाना : ..............................................................................................
अस्थायी ठेगाना :..............................................................................................
सम्पर्क नम्बर :..................................................................................................

१.४ बालबालिकाको नामथरः ...................................................................
यदि परिवारमा निज बालबालिकाको १८ वर्ष उमेर पूरा नगरेका दाजुभाइ दिदीबहिनी भएमा,

| सि.नं. | नामथर | उमेर | अध्ययन गरिरहेको कक्षा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४ | | | |

परिवारमा भ्रमण गरिएको वा लेखाजोखाको अन्तर्वार्ता गरिएको मितिः ..............................................
परिवारसम्म पुग्ने बाटोबारे जानकारी (नजिकको विद्यालयलाई) आधार मानेर): ...................................
.................................................... ....................................................... ...................
लेखाजोखाको लागि अन्तर्वार्ता गरिएको स्थान/ठाउँः .......................................................................
लेखाजोखाका लागि अन्तर्वार्ता लिने व्यक्तिको नामथर : ...............................................................
सम्पर्क फोन नं.: ......................................................................

**२. लेखाजोखाको लागि लिइएको अन्तर्वार्तासम्बन्धी विवरण**
*(लेखाजोखाको लागि अर्न्तवार्ता लिँदा सकेसम्म परिवारको घरमूलीको लिनुपर्नेछ)*

२.१ अन्तर्वार्ता दिने व्यक्तिको नामथर र हालको उमेर : ...........................................................................

२.२ लिङ्ग : महिला : ................ पुरूष : ............. अन्य : .............

२.४ धर्म : ................................................

२.५ पूरा गरेको शिक्षा : .................................................................................................

२.६ पेशा : .......................................................................................................

२.७ परिवारको जिवीकोपार्जन/आयआर्जनको मुख्य स्रोत : ................................................

२.८ बालबालिकासँगको नाताः .........................................................

**३. बालबालिकाको विवरणः**

३.१ नामथरः ........................................................

३.२ जन्म मितिः हालको उमेरः

३.३ बालबालिका विशेष संरक्षणको आवश्यकता पर्नुका मुख्य कारणहरूः ........................................................ ..
........................................................ ............... ........................................................ ........

३.४ यदि बालबालिका घरभन्दा अन्यत्र अथवा कुनै वैकल्पिक हेरचाहमा रहेको भए: ............................

वैकल्पिक हेरचाहको स्वरूपः (क) नातेदार हेरचाह, (ख) इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने हेरचाह, (ग) परिवारमा आधारित हेरचाह गर्ने संस्थामा राखी गरिने हेरचाह, (घ) बालगृह, र (ङ) अन्य ।
वैकल्पिक हेरचाहमा गएको मिति र (हालसम्म) त्यहाँ बसोबास गरेको अवधिः
.........................................................

३.५ शैक्षिक विवरणः
हाल पढिरहेको कक्षाः .........................................................
हाल पढिरहेको विद्यालयको नाम र ठेगानाः .........................................................
विद्यालयको प्रकारः □(क) सामुदायिक, □(ख) संस्थागत, वा □(ग) अन्य
हाल बसिरहेको ठाउँबाट विद्यालय पुग्न लाग्ने अनुमानित समयः ..............................................
विद्यालयमा पढाइ हुने माथिल्लो तह □(क) आधारभूत, □(ख) माध्यामिक-१ (१० कक्षा), □(ग) माध्यामिक-२ (१२ कक्षा),
विद्यालयमा बुझाउनुपर्ने शुल्कः □(क) निःशुल्क, □(ख) भर्ना, वार्षिक र परीक्षा शुल्क, □(ग) मासिक शुल्क, □(घ) अन्य (के हो उल्लेख गर्ने)

विद्यालयका प्रधानाध्यापकको नामथर र सम्पर्क नं.:
स्थानीय तहको नाम र ठेगानाः
यदि विद्यालय छोडेको भए,
कति कक्षा पढेर छोडेको?
विद्यालय छोडेको कति अवधि भयो?
विद्यालय छोड्नुका मुख्य कारणहरूः

३.६. स्वास्थ्य स्थितिः
आधारभूत खोप पूरा गरेको छ, छैनः
उमेरअनुसार शारीरिक विकासको सामान्य स्थिति (अवलोकन गरी लेख्ने):
कुनै स्वास्थ्य समस्या पहिचान भएको भएः
कुनै दीर्घ रोग वा लामो समयसम्म औषधि खानुपर्ने अवस्था भएः
बालबालिकामा कुनै किसिमको अपाङ्गता भएः (क) अपाङ्गताको किसिम, (ख) अपाङ्गताको गम्भीरताः (ग) अन्य (केही भए खुलाउने)

**४. परिवारको सदस्यहरूको आधारभुत विवरण :**

| नामथर | उमेर | | लिङ्ग | वैवाहिक अवस्था | पेशा (१८ वर्ष माथिको मात्र) | शैक्षिक अवस्था | | | श्रमिक हो/होइन/थियो | कानूनी कागजातको उपलव्धता | | | शारीरिक अवस्था | घरमुलीसँग को नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हालको उमेर | जन्म मिति | | | | उतीर्ण कक्षा | हाल विद्यालय गइरहेको | विद्यालय छोड्दाको उमेर | | जन्म दर्ता | विवाह दर्ता | नागरिकता | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

| ५. के १८ वर्ष पूरा नगरेका कुनै बालबालिका हाल घरपरिवारमा बस्दैनन् वा बिगत ६ महिना यता घरपरिवारमा बसेका थिएनन् ? | | | | | छन् | छैनन् | |
|---|---|---|---|---|---|---|---|
| विकल्पहरू | बालबालिका आवासीय विद्यालय गएको/का छ/छन् | घरको अवस्था कमजोर भएकोले बालबालिका आफन्तसँग बस्ने | बालबालिकालाई यस घरपरिवारमा बस्न मन लाग्दैन । कहिले कहाँ बस्छ भन्ने ठेगान नभएको | काम वा जागिरको लागि गएको/भागेको/लखेटिएको वा घरको मान्छेलाई बालबालिका कहाँ छन् भन्ने थाहा नभएको | बालबालिका बालगृहमा भर्ना गरिएको | प्राप्तांङ्क | कैफियत |
| प्राप्तांङ्क | ४ | ३ | २ | १ | ० | | |

**६. पारिवारिक आर्थिक विवरण**

| ६.१. परिवारको बस्नको लागि घर : | | | | | |
|---|---|---|---|---|---|
| विकल्प | आफ्नै | अरूको तर भाडा तिर्नु नपर्ने | अरूको तर भाडा तिर्नुपर्ने | घर नभएको | प्राप्ताङ्क |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ताङ्क | ४ | ३ | १ | ० | |

| ६.२. परिवारको घरको अवस्था: | | | | | |
|---|---|---|---|---|---|
| विकल्प | स्थायी | अर्द्ध-स्थायी | अस्थायी | घर नभएको | प्राप्ताङ्क |
| प्राप्ताङ्क | ४ | ३ | १ | ० | |

| ६.३ स्थायी बसोबासको लागि प्रशस्त कोठा संख्या, उज्यालो सफा र सुख्खा कोठाको व्यवस्था ? आफै हेर्नुहोस । | | | | | |
|---|---|---|---|---|---|
| विकल्प | क. बसोबासको लागि प्रशस्त कोठा संख्या, उज्यालो सफा र सुख्खा कोठाको व्यवस्था छ | ख.केही हदसम्म पुगेको छ, सिमीत कोठा संख्या, सफा र सुख्खा छ तर केही मर्मत गर्नुपर्दछ | ग.बस्ने ठाउँ प्रशस्त छैन, ठूलै मर्मत गर्नुपर्नेछ | घ.स्थायी बसोवास, कोठा संख्या प्रशस्त छैन, सफा र सुख्खा पनि छैन | प्राप्ताङ्क |
| प्राप्ताङ्क | ४ | ३ | १ | ० | |

| ६.४ दिनमा कति पटक खाना खाने गर्नुहुन्छ ? (विदाको दिन वा सबैजना घरमा हुँदाको दिनलाई आधार मानेर लेख्नुहोस्) | | | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| विकल्पहरू | क. कुनैदिन खाना खान पाइदैन | ख.एकपटक | ग. २ पटक | घ. ३ पटक वा सोभन्दा बढी | |
| प्राप्ताङ्क | ० | १ | २ | ३ | |

| ६.५ तपाईंले प्रयोग गर्ने शौचालयको अवस्था कस्तो छ ? | | | | | | |
